नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक १५५ ● २०८३ साल वैशाख ११ गते शुक्रबार ● Friday 24, April 2026 ● सूर्योदयः बिहान ०५:३३ बजे ● सूर्यास्तः साँझ ०६:३४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9854028218
9802592799
9803474311
9817806395

## किशोरीलाई एकसातासम्म बन्धक बनाउने आरोपी पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
१४ वर्षीया दलित किशोरीलाई एक सातासम्म बन्धक बनाएर जबर्जस्ती करणी गरेको आरोपमा धनुषा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। धनुषाको क्षीरेश्वर नगरपालिका–९ की दलित किशोरीलाई स्थानीय महिला खुश्बुदेवीले खेतमा काम गर्ने प्रलोभनमा लगेर जयराम महतोको जिम्मा लगाएका थिइन्।


धनुषा प्रहरीका अनुसार महतोले ती किशोरीलाई बसनियाँ खोला किनारमा लगेर जबर्जस्ती करणी गरेका थिए । रगतले लतपतिएकी किशोरीले प्रतिकार गर्दै चिच्याउन थालेपछि महतोले उनलाई औरहीस्थित भिनाजु गंगा महतोको घरमा राखेका थिए । किशोरीको अवस्था बिग्रिन थालेपछि खुश्बुकै सहयोगमा उनलाई महतोले जनकपुर ल्याएका थिए।

धनुषा प्रहरीका प्रवक्ता एवम् डीएसपी गणेशबहादुर बमका अनुसार तत्कालै पुगेको प्रहरी टोलीले किशोरीलाई अचेत अवस्थामा फेला पारेको थियो। जिल्ला प्रहरी कार्यालय धनुषाले शरीर बन्धक गरेर जबर्जस्ती करणी गरेको आरोपमा महतोलाई पक्राउ गरेर मुद्दा दर्ता गरेको छ।

धनुषा प्रहरीका डीएसपी बमका अनुसार किशोरी बन्धक र बलात्कार घटनामा सहयोगी भूमिकामा रहेका अरूको खोजीकार्य भइरहेको छ।

### मधेश प्रदेश प्रहरी विवादः

# तस्करी–असुली आरोपदेखि अडियो प्रकरण एक हप्तामा चुलियो सञ्जाल बहस




**हरिशंकर शर्मा**
**वीरगंज।**
मधेश प्रदेश प्रहरी कार्यालय पछिल्लो एक हप्तादेखि तस्करी नियन्त्रणको नाममा अवैध असुली तथा संगठनभित्रै 'नेटवर्किङ' सञ्चालन भएको गम्भीर आरोपका कारण विवादको केन्द्रमा परेको छ। सामाजिक सञ्जालमा फैलिएका अडियो क्लिप, विभिन्न दाबी तथा अनौपचारिक विवरणहरूले प्रहरी संगठनको आन्तरिक प्रणालीमाथि प्रश्न उठाएको छ।

हाल सार्वजनिक भइरहेका सामग्रीहरूमा मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) गोविन्द थपलियासम्म जोडेर सीमा नाकामा हुने तस्करीबाट 'महिनावारी असुली' हुने संरचना सञ्चालन भएको दाबी गरिएको छ। पछिल्ला दिनहरूमा सामाजिक सञ्जालमा व्यापक रूपमा फैलिएका अडियो क्लिपहरूमा प्रहरी कर्मचारीबीच रकम व्यवस्थापन, 'लाइन मिलाउने' तथा सीमा क्षेत्रमा हुने अवैध कारोबारसँग सम्बन्धित संवाद भएको जस्तो देखिने सामग्रीहरू सार्वजनिक भएका छन् । यी सामग्रीहरूले संगठनभित्रै संरचित नेटवर्कमार्फत असुली हुने गरेको आरोपलाई थप बल दिएको छ।

दाबीअनुसार, मधेश प्रदेशका आठवटै जिल्लामा केही तल्लो तहका प्रहरी कर्मचारीलाई परिचालन गरी सीमा नाकामा हुने तस्करीबाट नियमित रकम संकलन हुने प्रणाली निर्माण गरिएको आरोप लगाइएको छ। विभिन्न जिल्लामा कार्यरत केही बरिष्ठ सई तथा असई तहका कर्मचारीहरूलाई जिल्ला–जिल्लाको जिम्मेवारी दिइएको दाबीसमेत सामाजिक सञ्जालमा फैलिएको छ।

त्यसैगरी, अडियो विवाद सार्वजनिक भएपछि प्रहरी संगठनभित्र आन्तरिक छानबिन प्रक्रिया अघि बढाइएको चर्चा पनि बाहिर आएको छ । केही प्रहरी अधिकृतहरूलाई स्पष्टीकरण सोधिएको तथा संगठनको छवि धुमिल पार्ने गतिविधि भएको भन्दै अनुसन्धान अघि बढाइएको भनिएको छ।

पछिल्लो एक हप्तामा सामाजिक सञ्जालमा फैलिएका सामग्रीहरूमा तस्करी नियन्त्रणको नाममा उल्टै अवैध असुली हुने, जिल्लास्तरमा 'नेटवर्किङ' बनाएर रकम संकलन गरिने र केही कर्मचारीलाई विशेष जिम्मेवारी दिइएको जस्ता दाबीहरू उल्लेख छन् । सुरक्षा विश्लेषकहरूका अनुसार, यदि यी दाबीहरू सत्य सावित भएमा यो केवल व्यक्तिगत तहको नभई संगठनात्मक संरचना र सीमा सुरक्षाको व्यवस्थामाथि गम्भीर प्रश्न उठाउने विषय बन्न सक्छ । तर उनीहरूले बिना प्रमाण निष्कर्षमा पुग्नु पनि उपयुक्त नहुने भन्दै निष्पक्ष छानबिनको आवश्यकता औंल्याएका छन्।

स्थानीय व्यापारी तथा सीमावर्ती क्षेत्रका सर्वसाधारणले भने पछिल्ला विवादका कारण प्रहरीप्रतिको विश्वास कमजोर हुँदै गएको गुनासो गरेका छन् । तस्करी नियन्त्रणको नाममा अनावश्यक दबाब र आर्थिक भार पर्ने गरेको उनीहरूको आरोप छ। हालसम्म मधेश प्रदेश प्रहरी कार्यालय वा सम्बन्धित उच्च निकायबाट विस्तृत र स्पष्ट आधिकारिक धारणा सार्वजनिक भएको छैन। तर विवाद चुलिँदै जाँदा छानबिन र सत्यतथ्य बाहिर ल्याउने दबाब भने बढ्दै गएको छ।

अहिलेको अवस्थामा उठेका सबै आरोप, अडियो र सामाजिक सञ्जालमा फैलिएका सामग्रीहरूको निष्पक्ष अनुसन्धान नभएसम्म वास्तविक अवस्था स्पष्ट हुन कठिन देखिन्छ।

# विदेशी घुसपैठ रोक्न वीरगंज नाकामा विशेष निगरानी



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज नाकाबाट हुनसक्ने विदेशी नागरिकको अवैध प्रवेशलाई नियन्त्रण गर्न सुरक्षाकर्मीले बिहीबारदेखि निगरानी कडा बनाएका छन् । भारतसँग खुला सीमा जोडिएको यस प्रमुख नाकाबाट विभिन्न उद्देश्यका साथ विदेशी नागरिकको सम्भावित घुसपैठ रोक्ने उद्देश्यले सुरक्षा जाँचलाई थप सुदृढ गरिएको हो।

भारतबाट नेपाल भित्रिने मुख्य प्रवेश बिन्दु शंकराचार्य प्रवेशद्वारमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र अध्यागमन कार्यालयका कर्मचारी सम्मिलित संयुक्त टोली परिचालन गरिएको छ। पर्साका सहायक प्रमुख जिल्ला अधिकारी विनोद पोखरेलका अनुसार जिल्ला सुरक्षा समितिको निर्णयअनुसार राष्ट्रिय सुरक्षा सुदृढ बनाउन विदेशी यात्रुहरूको विशेष निगरानी सुरु गरिएको हो।

संयुक्त टोलीले नाकामै विदेशी नागरिकको पासपोर्ट र भिसा जाँच गर्नुका साथै उनीहरूको सम्पर्क नम्बरलगायत विस्तृत विवरण संकलन गरी अभिलेख राख्ने काम गरिरहेको छ । सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै सञ्चालन गरिएको यस अभियानमा सहयोग गर्न जिल्ला प्रशासन कार्यालय पर्साले स्थानीय बासिन्दालाई अपिल समेत गरेको छ।

जिल्ला प्रशासनले सूचना जारी गर्दै आफ्नो गाउँ, टोल वा व्यवसायिक स्थल (होटल, लज) मा कुनै विदेशी नागरिक शंकास्पद अवस्थामा देखिए तत्काल सुरक्षा निकायलाई जानकारी गराउन आग्रह गरेको छ। साथै, नाकामा खटिएका सुरक्षाकर्मीलाई विवरण संकलनमा सहयोग गर्न र अवैध रूपमा सीमा पार गर्ने वा गराउने गतिविधि देखिए नडराई सूचना दिन पनि अनुरोध गरिएको छ।

यसअघि बुधबार विश्व हिन्दू परिषद् नेपालले बाराको जितपुर–सिमरा उपमहानगरपालिका–२४ हरपुरमा आयोजना हुन लागेको मुस्लिम समुदायको धार्मिक भेला 'इज्तिमा'लाई लक्षित गर्दै विशेष सतर्कता अपनाउन माग गरेको थियो । परिषद्ले विशेषगरी बंगलादेश र म्यानमारबाट रोहिङ्ग्या समुदायका व्यक्तिहरू अवैध रूपमा नेपाल प्रवेश गर्न सक्ने सम्भावनाबारे ध्यानाकर्षण गराउँदै जिल्ला प्रशासन कार्यालय पर्सामा ज्ञापनपत्र बुझाएको थियो।

उक्त भेलामा पाकिस्तान, बंगलादेशलगायतका देशबाट सहभागी आउने तयारी रहेको सूचनाका आधारमा धार्मिक कार्यक्रमको आवरणमा विदेशीहरूको अवैध प्रवेश हुन सक्ने र त्यसले सुरक्षा चुनौती निम्त्याउन सक्ने चिन्ता परिषद्ले व्यक्त गरेको थियो। त्यसै सन्दर्भमा सीमा नाकामा निगरानी र सुरक्षा जाँचमा कडाइ गरिएको प्रशासनले जनाएको छ।

# भन्सार कडाइले सीमावर्ती जनजीवन संकटमा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल–भारत सीमामा लागू गरिएको नयाँ भन्सार व्यवस्थाले मधेसका सीमावर्ती बासिन्दाको दैनिकीमा प्रत्यक्ष असर पारेको छ । सानो परिमाणमा घरायसी सामग्री ल्याउँदा पनि भन्सार तिर्नुपर्ने बाध्यताले नागरिकहरू चिन्तित बनेका छन्।

महोत्तरीको भंगहा नगरपालिका–८ निवासी रामअवतार यादवजस्ता सर्वसाधारणका लागि भारतको जयनगर बजार जीवनयापनको अभिन्न हिस्सा थियो । खेतीपातीबाट जोगिएको थोरै आम्दानी बोकेर उनी प्रत्येक महिना सीमापारि पुग्थे र महिनाभरिका लागि खाद्यान्न किनेर फर्किन्थे। तर, सय रुपैयाँभन्दा बढीको सामान ल्याउँदा अनिवार्य भन्सार तिर्नुपर्ने नियम कडाइका साथ लागू भएपछि यसपटक उनी जान सकेनन्।

उनका अनुसार व्यापारिक प्रयोजनका लागि ल्याइने सामानमा कर लगाउनु स्वाभाविक भए पनि घरायसी उपभोगका लागि ल्याइने वस्तुमा यस्तो कडाइले गरिब समुदाय थप मारमा परेको छ । 'नेपालमै सस्तो पाइन्थ्यो भने किन सीमापारि जानुपथ्र्यो ?' भन्ने उनको प्रश्न अहिले धेरैको साझा पीडा बनेको छ।

सीमाक्षेत्रमा बढ्दो महँगीका कारण भारतीय बजारमा निर्भर रहँदै आएका स्थानीयवासीलाई नयाँ नियमले थप दबाबमा पारेको छ । विकल्प नदिई लागू गरिएको नीतिले दैनिक उपभोगमै कठिनाइ सिर्जना गरेको उनीहरूको गुनासो छ।

भिठामोड नाकाबाट सामान लिएर फर्किएका नाजिर राइनलाई पनि सशस्त्र प्रहरीले सचेत गराउँदै सय रुपैयाँभन्दा बढीको सामान नल्याउन निर्देशन दिएको अनुभव छ । नाकानाकामा चेकजाँच कडा भएको र कतिपय अवस्थामा भन्सार तिर्न बाध्य पारिएको उनले बताए।

यस्तै, सामाजिक परम्परासमेत प्रभावित भएको देखिएको छ । रामकला देवी महराको परिवारमा छोरीको विवाहका लागि भारतबाट ल्याइँदै गरेको उपहार रोकिँदा विवाह नै ढिलाइ भएको घटना स्थानीय स्तरमै चर्चाको विषय बनेको छ । मिथिला संस्कृतिमा कोसेली आदानप्रदान महत्वपूर्ण मानिने भएकाले यस्तो कडाइले सामाजिक सम्बन्धमा समेत असर पर्ने चिन्ता व्यक्त गरिएको छ।

सीमाक्षेत्रमा सशस्त्र प्रहरीले एक सातादेखि माइकिङ गर्दै नयाँ नियमबारे जानकारी गराएपछि सीमापारि जानेहरूको संख्या घट्न थालेको छ । महोत्तरीकै रामगोपालपुरका सत्यनारायण ठाकुरका अनुसार नयाँ वर्षयता आवतजावत उल्लेखनीय रूपमा घटेको छ।

यसको प्रभाव यातायातमा समेत देखिएको छ। नेपाल रेल्वे जनकपुर कार्यालयका प्रमुख केवलबहादुर

*समाचार पृष्ठ २ मा*

# शेखर गोल्छा पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष शेखर गोल्छा पक्राउ परेका छन्। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले बिहीबार उनलाई पक्राउ गरेको हो।

सिआइबीका प्रवक्ता शिवकुमार श्रेष्ठले गोल्छालाई पक्राउ गरेको पुष्टि गरे। उनले भने, 'शेखर गोल्छालाई धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गतको कसूरमा संलग्न रहेको अभियोगमा काठमाडौंको नक्सालबाट नियन्त्रणमा लिइएको हो।'

ब्यूरोले काठमाडौँ जिल्ला अदालत बबरमहलबाट पक्राउ अनुमति लिएर उनलाई नियन्त्रणमा लिएको हो । सीआईबीका प्रवक्ता श्रेष्ठले गोल्छालाई नक्सालबाट पक्राउ गरिएको र हाल थप अनुसन्धान प्रक्रिया अगाडि बढिरहेको जानकारी दिए। गोल्छा हिमालयन रि–इन्स्योरेन्सका निवर्तमान अध्यक्ष समेत हुन्। नेपाल धितोपत्र बोर्डको प्रारम्भिक जाँचबुझ प्रतिवेदनका



आधारमा ५९ वर्षीय गोल्छामाथि धितोपत्र सम्बन्धी ऐन, २०६३ उल्लंघन गरेको आरोप लागेको छ। हाल सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको हिरासतमा रहेका दीपक भट्टले गरेको गैरकानूनी धितोपत्र कारोबारमा गोल्छा पनि तानिएका छन्। भट्टलाई गैरकानूनी काम गर्न सहयोग गर्ने व्यक्ति र संस्था भनेर शेखर गोल्छासहित हिमालयन रि–इन्स्यारेन्स लिमिटेड, हिमालयन क्यापसर्व, हिमालय सेक्युरिटिज बैंकर लिमिटेड, एचएलआई लार्ज क्याप फण्ड,नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड र रोहित गुप्तालाई कारबाहीको दायरामा ल्याउन धितोपत्र कारोबार सम्बन्धी प्रारम्भिक जाँचबुझ सुपरिवेक्षण प्रतिवेदनले सिफारिस गरेको थियो।

# जानकी नवमीको भव्य उत्सव शोभायात्रा र महाआरतीको तयारी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
माता सीताको जन्मोत्सवका रूपमा मनाइने जानकी नवमी यस वर्ष वैशाख १२ गते शनिबार जानकी मन्दिर केन्द्रित गर्दै भव्य रूपमा आयोजना गरिने भएको छ।

धार्मिक तथा ऐतिहासिक महत्व बोकेको यस पर्वलाई लक्षित गर्दै दिनभर विविध सांस्कृतिक र आध्यात्मिक कार्यक्रमहरूको तयारी गरिएको मन्दिर व्यवस्थापनले जनाएको छ।

कार्यक्रम बिहानै ५ः३० बजे जानकी मन्दिरबाट बाजागाजासहित भव्य शोभायात्रा निकालेर सुरु हुनेछ । शोभायात्रा नगर परिक्रमा गर्दै दूधमती नदीसम्म पुग्नेछ, जहाँ श्रद्धालुहरूले शाही स्नान गर्नेछन्।

मध्याह्न १२ बजे मन्दिर परिसरमा मंगल बधाई गान प्रस्तुत गरिनेछ भने दिउँसो ४ बजे पुनः नगर क्षेत्रमा झाँकी, भजन–कीर्तन र परम्परागत बाजागाजासहितको शोभायात्रा आयोजना गरिनेछ।

साँझपख कार्यक्रम अझ आकर्षक हुने बताइएको छ । साँझ ७ बजे मन्दिर प्राङ्गणमा भव्य महाआरती गरिनेछ भने त्यससँगै जानकी सेनाद्वारा दीप प्रज्ज्वलन कार्यक्रम सञ्चालन गरिनेछ। त्यसपछि साँझ ७:३० बजे पुनः मंगल बधाई गान प्रस्तुत गरिनेछ, जुन छठि महोत्सवसम्म निरन्तर चल्ने जनाइएको छ ।मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले यस धार्मिक उत्सवमा सहभागी भई पर्वलाई सफल बनाउन सम्पूर्ण श्रद्धालुहरूलाई आग्रह गरेका छन् । उनले जानकी नवमीले धार्मिक सहिष्णुता, सांस्कृतिक एकता र आस्थाको सन्देश फैलाउने उल्लेख गर्दै उत्सवलाई मर्यादित र सभ्य रूपमा मनाउन सबैसँग अपिल गरेका छन्।

जनकपुरधाममा प्रत्येक वर्ष मनाइने जानकी नवमीले धार्मिक पर्यटन प्रवद्र्धनमा समेत महत्वपूर्ण योगदान पु¥याउँदै आएको छ। यस वर्ष पनि देश–विदेशबाट ठूलो संख्यामा श्रद्धालुहरू सहभागी हुने अपेक्षा गरिएको छ।

# मोटरसाइकलको ठक्करबाट बालिकाको मृत्यु

**मधेशदृष्टि**
**सिरहा।**
सिरहामा मोटरसाइकलको ठक्करबाट एक बालिकाको ज्यान गएको छ । चोहर्वा–सिरहा सडकखण्डअन्तर्गत नरहा गाउँपालिका–३ खोरिया टोलमा भएको दुर्घटनामा स्थानीय मोहम्मद देलालकी ५ वर्षीया छोरी खजिजा खातुनको मृत्यु भएको हो।
जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार बिहीबार मध्याह्न करिब १२:२० बजे सिरहाबाट मिर्चैयातर्फ जाँदै गरेको प्र.२–०१–००३ प ७६९६ नम्बरको मोटरसाइकलले विपरीत दिशाबाट पैदल हिँडिरहेकी बालिकालाई ठक्कर दिएको थियो। गम्भीर घाइते भएकी उनलाई तत्काल उपचारका लागि गोलबजारस्थित बर्धमान अस्पताल लगिएको थियो।
उपचारकै क्रममा चिकित्सकले मृत घोषणा गरेका हुन् । दुर्घटनापछि मोटरसाइकल चालक फरार रहेको र उनको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ। मोटरसाइकल भने प्रहरीले नियन्त्रणमा लिएको छ।

# भारतीय इभी धमाधम नियन्त्रणमा लिइँदै

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज भन्सार कार्यालयले जाँचमा कडाइ गरेसँगै भारतीय नम्बर प्लेट नभएका इभी (इलेक्ट्रिक) मोटरसाइकलहरू धमाधम नियन्त्रणमा लिन थालेको छ । पछिल्लो कारबाहीमा करिब २२ वटा भारतीय इभी मोटरसाइकल पक्राउ परेका छन्।
भन्सार कार्यालयमा खटिएको सशस्त्र प्रहरी बल नेपालका डिएसपी बिकाश अधिकारीका अनुसार आवश्यक कागजात तथा भन्सार प्रक्रिया पूरा नगरी नेपाल भित्र्याइएका सवारी साधनहरूलाई नियन्त्रणमा लिइएको हो । भन्सार स्रोतका अनुसार अवैध रूपमा प्रयोग भइरहेका भारतीय इभी मोटरसाइकलबारे सूचना आएपछि निगरानी र जाँच प्रक्रिया कडा बनाइएको हो । वीरगंजका विभिन्न साना नाकाबाट समेत यस्ता सवारी साधन पक्राउ पर्ने क्रम सुरु गरिएको बताइएको छ । पछिल्लो समय सस्तो र सजिलै उपलब्ध हुने कारण नेपाली उपभोक्ताले भारतीय इभी मोटरसाइकल खरिद गरि अवैध रूपमा नेपाल भित्र्याएर प्रयोग गर्ने प्रवृत्ति बढेको छ।
आवश्यक कागजातबिना सञ्चालन गरिएका यस्ता सवारी साधन वीरगंज क्षेत्रमा जहाँसुकै फेला परेपनि नियन्त्रणमा लिएर कारवाई गरिने वीरगंज भन्सार कार्यालयले जनाएको छ।

# अवैध मुद्रा साटासाट विरुद्ध ठूलो कारवाही



**मधेशदृष्टि**
**रक्सौल।**
भारत–नेपाल सीमासँग जोडिएको रक्सौल क्षेत्रमा प्रहरीले अवैध मुद्रा साटासाट विरुद्ध ठूलो कारबाही गर्दै एक पसलमा छापा मारेको छ।
उक्त कारबाही रक्सौल थानाध्यक्ष आईपीएस हेमन्त सिंहको नेतृत्वमा रक्सौल प्रहरी र सशस्त्र सीमा बल (एसएसबी) को संयुक्त टोलीले गरेको हो।
छापामारीका क्रममा उक्त पसलमा अवैध रूपमा भारतीय र नेपाली मुद्राको साटासाट कारोबार सञ्चालन भइरहेको फेला परेको प्रहरीले जनाएको छ । घटनास्थलबाट प्रहरीले जम्मा ४३ लाख ४५ हजार ९९९ भारतीय रुपैयाँ तथा २ लाख ३८ हजार ७०० नेपाली रुपैयाँ बरामद गरेको छ । साथै, नोट गन्ने मेसिन समेत जफत गरिएको छ।
कारबाहीका क्रममा प्रहरीले रक्सौलको तुमडिया टोलाका सोनु कुमार नामक व्यक्तिलाई पक्राउ गरेको छ।

# तनहुँमा इ–पेन्सन सेवा सुरु

**तनहुँ।**
संघीय सरकारको अर्थ मन्त्रालयले सुरु गरेको इ–पेन्सन सेवा तनहुँबाट कार्यान्वयनमा आएको छ । जिल्लामा सुरु गरिएको सेवाअन्तर्गत भानु नगरपालिकाबाट निवृत्त शिक्षा अधिकारी ध्रुवराज पौडेल पहिलो सेवाग्राही बनेका छन्।
निवृत्तीभरण अधिकारपत्र प्राप्त गर्दै पहिलो सेवाग्राही बन्न पाउँदा गोरवान्वित महसुस गरेको पौडेलले प्रतिक्रिया दिए। उनका अनुसार अब कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) मार्फत अधिकारपत्रसँगै सञ्चित बिदाको रकम र उपचार खर्चसमेत एकै ठाउँबाट प्राप्त गर्न सकिने व्यवस्था भएको छ । यसले समय, श्रम र खर्च बचत हुनुका साथै सूचना प्रविधिको प्रभावकारी प्रयोगमार्फत सेवा प्रवाहलाई थप सहज बनाएको उनले बताए। कोष तथा लेखा नियन्त्रण कार्यालय तनहुँ (कोलेनिका) का प्रमुख अशोकराज खनालले इ–पेन्सन सेवा सेवाग्राहीमैत्री र पारदर्शी बनाउने उद्देश्यले सुरु गरिएको बताए । उनले भने, डिजिटल माध्यमबाट पेन्सनसम्बन्धी सेवा प्रवाह गर्दा सेवाग्राहीले छिटो, सहज र झन्झटमुक्त सेवा पाउनेछन्। यसले सुशासन प्रवद्र्धनमा महत्त्वपूर्ण योगदान पु¥याउने विश्वास लिएका छौँ। रासस

# मधेशमा शनिबारसम्म तातो हावाको कहर

**मधेशदृष्टि**
**वीरगंज।**
पश्चिम तराई तथा भित्री मधेशमा शनिबारसम्म तातो हावा चलेर गर्मी बढ्ने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । बिहीबार, शुक्रबार र शनिबार सुदूरपश्चिमदेखि गण्डकी प्रदेशको तराई क्षेत्रमा तातो लहरको सम्भावना रहेकाले आवश्यक सावधानी अपनाउन महाशाखाले आग्रह गरेको छ । अस्ति मंगलबारदेखि मधेश प्रदेश लगायतका देशैभरका तराई क्षेत्रमा तातो हावा चल्दा जनजीवन कष्टकर बनेको छ । बिहानै घाम चर्कने भएपछि बजार र ग्रामीण क्षेत्रसमेत सुनसान बन्ने गरेका छन् । दैनिक ज्याला मजदुरी गर्नेहरूले काम पाउन छाडेका छन् । भोलिदेखि पूर्वी क्षेत्रमा तातो लहर कम हुने महाशाखाले जनाएको छ । महाशाखाका अनुसार पर्सिसम्ममा पूर्वदेखि बागमती प्रदेशको तराई क्षेत्रसम्म गर्मी केही घट्ने सम्भावना छ।

# प्रधानमन्त्रीलाई द्वन्द्वपीडितको खुलापत्र

**काठमाडौँ ।**
प्रधानमन्त्री वालेन्द्र शाहलाई द्वन्द्वपीडित समुदायले खुला पत्रमार्फत सङ्क्रमणकालीन न्याय प्रक्रियालाई तार्किक निष्कर्षमा पु¥याउन माग गरेका छन् । प्रधानमन्त्री शाहलाई द्वन्द्वपीडित समुदायकातर्फबाट ४० वटा संस्थाले पठाएको खुलापत्रमा सङ्क्रमणकालीन न्याय प्रक्रियामा विश्वसनीयता पुनःस्थापित गरी तार्किक निष्कर्षमा पु¥याउन माग गरिएको छ । सो पत्रमा पीडितहरूको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गरी ऐतिहासिक जिम्मेवारीलाई गम्भीरतापूर्वक सम्बोधन गर्ने विश्वास गर्दै झण्डै दुई तिहाइ समर्थन प्राप्त सरकारप्रति आशावादी भएको उल्लेख छ ।



संसदमा झण्डै दुई तिहाइ समर्थनसहित मुलुकको शक्तिशाली कार्यकारी प्रमुखको गहन जिम्मेवारी सम्हाल्ने अवसर प्राप्त गर्नु भएकामा द्वन्द्वपीडित समुदायकातर्फबाट तपाईँलाई हार्दिक बधाई व्यक्त गर्दछौँ”, खुलापत्रमा भनिएको छ, “तपाईँको नेतृत्वमा रहेको सरकारले सङ्क्रमणकालीन न्याय प्रक्रियालाई सही दिशामा अघि बढाउने पर्याप्त क्षमता, इच्छाशक्ति र नैतिक आधार राख्दछ भन्नेमा हाम्रो दृढ विश्वास छ । पत्रमा सरकारले अघि सारेको राष्ट्रिय प्रतिबद्धता मस्यौदा तथा १०० बुँदे शासकीय कार्यसूचीमा सङ्क्रमणकालीन न्याय प्रक्रिया नसमेटिएको जनाइएको छ । पत्रमा छ बुँदे माग राखिएको छ ।
ती मागमा सङ्क्रमणकालीन न्यायलाई राष्ट्रिय प्रतिबद्धता पत्रको महत्त्वपूर्ण बुँदाका रूपमा समेट्ने, वर्तमान आयोगको वैधतासम्बन्धी प्रश्न समाधान गर्न कानुन संशोधनलगायत उपयुक्त प्रक्रिया अपनाई आयुक्तहरूको बहिर्गमन सुनिश्चित गर्ने, त्यसपछि हुने आयुक्त नियुक्ति प्रक्रिया पूर्णतः पारदर्शी, प्रतिस्पर्धात्मक र पीडितमैत्री बनाई पीडित केन्द्रित कार्य प्रणाली अपनाउने रहेको छ । द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीले दुई दशकदेखि अल्झाइएको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्नका लागि ठोस पहल गरी विश्वसनीय कदम चल्न र सरकारको प्राथमिकतामा राख्न आग्रह गरे । रासस

# वीर कुँवर सिंहको १६८औँ विजयोत्सव मनाइयो

**मधेशद्दष्टि**
**रक्सौल ।**
भारत विकास परिषद् रक्सौल शाखाको आयोजनामा वीर कुँवर सिंहको १६८ औं विजयोत्सव रक्सौलस्थित कोइरिया टोला क्षेत्रमा श्रद्धापूर्वक मनाइएको छ । सन १८५७ को प्रथम स्वतन्त्रता संग्रामका महान् नायकको बहादुरी, साहस र देशभक्तिबारे कार्यक्रममा चर्चा गरिएको थियो । कार्यक्रम संस्कार संयोजक नितेश कुमार सिंहको संयोजन र शाखा अध्यक्ष रजनीश प्रियदर्शीको अध्यक्षतामा सम्पन्न भएको हो । दीप प्रज्वलन, ‘वन्दे मातरम’को सामूहिक गायन तथा वीर कुँवर सिंहको चित्रमा माल्यार्पण गरी कार्यक्रम सुरु गरिएको थियो । अध्यक्षीय सम्बोधनमा रजनीश प्रियदर्शीले वीर कुँवर सिंह सम्पूर्ण राष्ट्रका गौरव रहेको उल्लेख गर्दै ८० वर्षको उमेरमा ब्रिटिश शासनविरुद्ध लडेको साहस युवापुस्ताका लागि प्रेरणादायी भएको बताए ।
कार्यक्रममा सहभागीहरूले उनको जीवनका विभिन्न प्रसङ्ग स्मरण गर्दै श्रद्धाञ्जली अर्पण गरेका थिए । कार्यक्रममा सचिव नरेश कुमार, नितेश कुमार सिंहलगायत अन्य वक्ताहरूले वीर कुँवर सिंहको योगदानले भावी पुस्तालाई निरन्तर प्रेरणा दिने विश्वास व्यक्त गरे। राष्ट्रिय गानसँगै कार्यक्रम समापन गरिएको आयोजकले जनाएको छ ।

# वीरगंज महानगरको कडाइः मनपरी भाडा बढाउनेलाई कारबाहीको चेतावनी

**मधेशद्दष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले बजार क्षेत्रमा बढ्दो भाडा मनपरी र व्यवसायीमाथि भइरहेको दबाबप्रति कडा चेतावनी जारी गरेको छ । महानगरले एक सूचना प्रकाशित गर्दै त्रिभुवन राजपथ विस्तारका क्रममा विस्थापित व्यवसायीहरूलाई अवसरको रूपमा प्रयोग गरी अत्यधिक भाडा बढाउने, सटर खाली गराउन दबाब दिने तथा अवैध रूपमा रकम असुल्ने कार्य रोक्न निर्देशन दिएको हो ।
सूचनामा मुख्य सडक क्षेत्रबाट हटाइएका व्यवसायीहरू अन्यत्र सर्दा केही घरधनीहरूले अस्वाभाविक रूपमा भाडा बढाएको, पुराना व्यवसायीलाई हटाएर बढी भाडा दिने नयाँ व्यक्तिलाई सटर दिन खोजेको र सम्झौता विपरीत व्यवहार गरेको गुनासो प्राप्त भएको उल्लेख गरिएको छ ।
यस्ता गतिविधिले बजारमा असन्तुलन सिर्जना गर्नुका साथै साना तथा मझौला व्यवसायीलाई प्रत्यक्ष मारमा पारिरहेको महानगरको निष्कर्ष छ ।
महानगरपालिकाले घरधनी र व्यवसायीबीच भएको सम्झौता अनुसार नै भाडा निर्धारण गर्न र त्यसको पालना गर्न स्पष्ट निर्देशन दिएको छ ।
यदि कसैले सम्झौता विपरीत काम गरेको पाइएमा कानुनी कारबाही गरिने चेतावनी दिइएको छ । साथै, सबै घरधनीहरूलाई भाडासम्बन्धी सम्झौता प्रमाणित गरी महानगरको राजस्व व्यवस्थापन महाशाखामा अनिवार्य रूपमा पेश गर्न पनि निर्देशन दिइएको छ । महानगरले बजार व्यवस्थापनलाई व्यवस्थित र पारदर्शी बनाउन यस्तो कदम चालिएको जनाएको छ ।
महानगरले चेतावनी दिँदै यदि कसैले अवैध रूपमा भाडा असुली, दबाब सिर्जना वा गैरकानुनी गतिविधि गरेको पाइएमा प्रचलित कानुनअनुसार जरिवाना तथा अन्य कडा कारबाही गरिने स्पष्ट पारेको छ । सडक विस्तारसँगै उत्पन्न असहज परिस्थितिमा घरधनीहरूले सामाजिक जिम्मेवारी बुझ्नुपर्ने र व्यवसायीलाई सहयोगी भूमिका निर्वाह गर्नुपर्ने महानगरको आग्रह छ ।

# मौलापुर बेथिति बढेको जनप्रतिनिधिहरुबीच आरोप–प्रत्यारोप

**राकेश यादव**
**रौतहट ।**
मौलापुर नगरपालिकामा चरम बेथिति बढेको निर्वाचित जनप्रतिनिधिहरुले नै बताएका छन् । दोस्रो पटकको स्थानीय निर्वाचनमा निर्वाचित भएका जनप्रतिनिधिहरुले मौलापुर नगरपालिकामा गरेका अनियमितता र बेथितिबारे ३ वर्षपछि सामुहिक रुपमा मुख खोलेका हुन् ।
निमित्तकै भरमा विगत ५ वर्षदेखि सञ्चालन हुँदै आएको मौलापुर नगरपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृतको रुपमा उपसचिव हाजिर भएपछि नगर प्रमुख रीना साहबिरुद्ध उत्रिएका हुन् ।
बिहीबार उपमेयरसहित निर्वाचित ६ वडा अध्यक्षले मौलापुर–१ मर्यादपुरमा संयुक्त पत्रकार सम्मेलन गरी मेयर रिना कुमारी साह र उनको श्रीमान पूर्वमन्त्री प्रभु साहमाथि विभिन्न आरोप लगाएका छन् ।
पत्रकार सम्मेलनमा उपमेयर नागेन्द्र यादवले नगर प्रमुख साहको इशारामा हालै आएका प्रमुख प्रशासकीय अधिकृत उपसचिव सुरेशबाबु घिमिरेलाई भगाउन अनेक षड्यन्त्र भइरहेको बताए । नयाँ प्रमुख घिमिरे गत शुक्रबार कार्यालयमा हाजिर भएलगत्तै मेयर साहका छोरा बिवेक साहको नेतृत्वमा युवाहरुको टोली कार्यालयमा पुगेर फुटबल क्रिकेट प्रतियोगिता गराउन पैसा दिन अधिकृत घिमिरे माथि दबाब दिएको उल्लेख गरे ।
२०८२ असार १० गते भएको नगरसभामा सम्पूर्ण नगरवासीको घरायसी प्रयोजनका लागि विद्युत महशुल भुक्तानी गर्न, छोरीको बिहेमा जनही ३० हजार रुपैयाँ सहयोग गर्न, मधानी महोत्सव लगायत नगरमा हुने बिकास निर्माणका सम्पूर्ण योजना पारित गरिएको थियो ।
मेयर साह पहिलो पटक निर्वाचित भएदेखि यस्तै चल्दै आएको भन्दै उपमेयर यादवले भने नगरसभाको निर्णयलाई टेकेर यसअघिका निमित्त प्रमुख प्रशासकीय अधिकृत इन्जिनियर रामबाबु साह र लेखा अधिकृत जयप्रकाश महतो मिलेर २०७८ सालदेखि चेक काटेर भुक्तानी गर्दै आएको जनाए ।
बिना कार्यपालिका निर्णय, बिना उपमेयरको अनुगमन सबै भुक्तानी भएको जिकिर गर्दै अहिले विद्युत महशुल भुक्तानी, छोरीको बिहेमा दिइँदै आएको अनुदान रकम भुक्तानी हुन नसकेको बताए ।
गाउँगाउँको नाला सफाई हुनसकेको छैन । पिकनिक पार्क, पार्क होटल, बहुउद्देश्यीय सभागृह सजावट मर्तम, बसपार्कको बिभिन्न काम देखाएर पछिल्लो ६ वर्षदेखि मनपरी भुक्तानी हुँदै आएको छ । जता जुन शीर्षकमा मेयरलाई फाइदा हुन्छ, अधिकृत रामबाबु, लेखा अधिकृत जयप्रकाशले कमिसनको भरमा जथाभावी भुक्तानी गर्दै आएको उपमेयर नागेन्द्र यादवले दाबी गरे ।
६ वर्षदेखि उनीहरूको लागि कुनै नियम कानून थिएन । ‘सबभन्दा ठूलो कुरा मौलापुर नगरपालिकाको सम्पूर्ण टेन्डर एउटै मानिस सुनिल साहलाई नै कसरी पर्छ,’ उनले प्रश्न गरे, ‘अहिले विद्युत महशुल, छोरीको बिहेको अनुदान दिन किन आलटाल कहीँ सबै रकम अनियमितता त गरेको छैन ?’
‘मलाई लाग्छ सबैको पछाडि नयाँ प्रमुख प्रशासकीय अधिकृत उपसचिव सुरेशबाबु घिमिरेलाई मौलापुरमा टिक्न नदिने षड्यन्त्र भइरहेको छ,’ उनले भने, ‘उनी फिर्ता गएपछि पुनः रामबाबु साहलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर विगतकै जस्तो मनपरी गर्ने मेयर साहको नियत छ ।’
वडा अध्यक्षहरुले स्थानीय तहको निर्वाचन हुन अब एकबर्ष मात्र बाँकी रहँदा मेयर साह र उनको श्रीमान पूर्वमन्त्री प्रभु साहले पुनः मौलापुरको मेयरमा आफ्नो मान्छे जिताउन अहिलेदेखि नै षड्यन्त्रमा लागेका आरोप लगाएका छन् ।
२०८२ असार १० गते गरेको नगरसभापछि साउनमा र गत मंसिरमा पार्क होटलमा नगर कार्यपालिका बोर्डको बैठक बसेको थियो ।
बैठकमा पूर्वमन्त्री तथा आमजनता पार्टीका अध्यक्ष प्रभु साह पनि सहभागी थिए । ‘उनकै निर्देशनमा एउटै निर्णय पुस्तिकामा सोही समय चारवटा बैठकको उपस्थिति लेखियो र सम्पूर्ण कार्यपालिका सदस्यलाई त्यही सादा निर्णय पुस्तिकामा हस्ताक्षर गर्न भनियो,’ उनले भने, ‘हामीले त्यसको बिरोध गर्यौं कि निर्णय लेख्नुस्, हामी हस्ताक्षर गर्छौं र बन्द गर्छौं ।’
तर प्रभु साहले जसलाई हस्ताक्षर गर्नुछ, गर्नुस्, जसलाई इच्छा छैन, नगर्नुस् भनेर हस्तक्षेप गरेको उनीहरुले बताए । ‘केही सदस्यले सादा निर्णय पुस्तिकामा हस्ताक्षर गरे तर हामी उपमेयरसहित ६ जना वडा अध्यक्षहरुले गरेनौँ,’ उनले भने, ‘यस विषयमा हामीले जिल्ला प्रशासन कार्यालय रौतहटमा लिखित उजुरी पनि दिएका छौँ तर हालसम्म कुनै कारबाही भएको छैन ।’
‘सोही समयदेखि नगरपालिकाले हालसम्म कार्यपालिकाको बैठक बोलाएको छैन र अहिले बिभिन्न सामाजिक सञ्जाल, फेसबुकमा वडा अध्यक्ष र उपमेयरले सही नगर्दा विद्युत महसुल भुक्तानी, छोरीको बिहेको अनुदान भुक्तानी रोकिएको छ भनेर हामी विरुद्ध भ्रम फैलाउने काम भइरहेको छ,’ उनले भने, ‘कार्यपालिका बैठकमा बस्न हामी हरेक समय तयार छौँ तर बैठकमा हुने निर्णय लेखियोस्, निर्णय पुस्तिकामा हस्ताक्षर गर्छौं, लगत्तै बन्द गरियोस्, बिगतको जस्तो सादा निर्णय पुस्तिकामा हस्ताक्षर गर्दैनौँ, बरु बैठक थप पारदर्शी बनाउन फेसबुक लाइभ होस् ।’
प्रत्येक वडा अध्यक्षको विकास बजेटको सिलिङबाट ६५ लाख रुपैयाँ काटेर विद्युत महशुल, छोरीको विवाहमा सहयोग लगायत शीर्षकमा पठाइन्छ । ‘चारजना सदस्यसहित एउटा वडामा वर्षको मात्र १९ लाख रुपैयाँ पालिकाले दिने गर्छ, अनि शीर्षकको नाम राख्छ गरिबसँग मेयर,’ वडा अध्यक्षहरुले गुनासो गरेका छन् ।
बिभिन्न शीर्षकमा आफूखुसी भुक्तानी दिएर वर्षको ४० करोड रुपैयाँको कागज मिलाइन्छ । आफूहरु निर्वाचित भएको चौथो वर्षमा पनि मौलापुरको आर्थिक गतिविधिबारे कुनै जानकारी नहुँदा आर्थिक वर्ष २०८२–८३ को हिसाब किताब देखाउन मौलापुरका नयाँ प्रमुख प्रशासकीय अधिकृत उपसचिव घिमिरेसमक्ष लिखित निवेदन दिएको उपमेयर नागेन्द्र यादवले बताए । उनीहरुले आफूहरुको कारणले विद्युत महशुल भुक्तानी र छोरीको बिहेको सहयोग भुक्तानी नरोकिएको बताएका छन् ।

# भन्सार कडाइले सीमावर्ती...

नेपालीका अनुसार पहिले दैनिक करिब १६ सय यात्रु ओहोरदोहोर गर्ने गरेकामा अहिले संख्या घटेर करिब चार सयमा झरेको छ।
नीतिप्रति राजनीतिक र सामाजिक स्तरबाट समेत आपत्ति जनाइएको छ । मधेस प्रदेशका अर्थमन्त्री महेशप्रसाद यादवले ‘बेटी–रोटी’ सम्बन्धमा असर पर्ने भन्दै संघीय सरकारसँग नीति पुनर्विचार गर्न माग गरेका छन् । सीमा क्षेत्रका नागरिकको जीवनयापन सहज बनाउने खालको व्यवहारिक नीति आवश्यक रहेको उनको भनाइ छ।
नेपाल–भारत खुला संवाद समूहले पनि घरायसी प्रयोजनका सामग्रीमा शून्य भन्सारको व्यवस्था गर्नुपर्ने माग अघि सारेको छ। सरकारी पक्ष भने नियम कार्यान्वयनमै अडिग देखिएको छ । जनकपुर भन्सार कार्यालयका सूचना अधिकारी राजकुमार ज्ञवालीका अनुसार वैशाख १ गतेदेखि सय रुपैयाँभन्दा बढीका सामानमा नियमानुसार महसुल लिइँदै आएको छ।
सुरक्षा निकायले पनि कडाइलाई नीतिगत कार्यान्वयनका रूपमा व्याख्या गरेका छन् । सशस्त्र प्रहरी मधेस प्रदेश प्रमुख कृष्ण ढकालका अनुसार उद्देश्य नागरिकलाई दुःख दिनु नभई राजस्व वृद्धि र कर संस्कृतिको विकास गर्नु हो।
यसैबीच, नेपाल प्रहरीका डीआईजी गोविन्द थपालियाले व्यक्तिगत प्रयोजनका सामग्रीमा अत्यधिक कडाइ नगरिएको दाबी गर्दै यस्तो व्यवस्थाले अवैध कारोबार नियन्त्रणमा मद्दत पुग्ने बताएका छन् । मधेस प्रदेशमा नेपाल–भारत सीमा करिब ४६१.८ किलोमिटर फैलिएको छ, जहाँ सयौँ नाकामार्फत दैनिक आवतजावत हुने गर्दछ । पछिल्लो कडाइसँगै यहाँको आर्थिक, सामाजिक तथा सांस्कृतिक गतिविधिमा दीर्घकालीन असर पर्ने हो कि भन्ने चिन्ता स्थानीयवासीमा बढ्दै गएको छ।

**‘सीमाक्षेत्रमा सर्वसाधारणमाथि दुव्र्यवहार भयो’**

जनता समाजवादी पार्टी, नेपालका नेता महन्थ ठाकुरले मधेश र नेपाल–भारत सीमा क्षेत्रमा व्याप्त अशान्ति र सर्वसाधारणमाथि भइरहेको दुव्र्यवहारप्रति चिन्ता व्यक्त गरेका छन् । सीमा नाकामा सर्वसाधारणले भोग्नुपरेको सास्ती र राज्यको उदासिनताले गर्दा आफूहरू ‘विद्रोहको नजिक’ पुगेको चेतावनीसमेत उनले दिए । अध्यक्ष ठाकुरले सीमा क्षेत्रका भन्सार र सुरक्षाकर्मीहरूले ‘तजबिजी अधिकार’ (स्वविवेकिय अधिकार) को दुरुपयोग गरी सर्वसाधारणलाई दुःख दिने गरेको बताए। कानुन स्पष्ट नहुँदा हाकिमहरूको तजबिजी चल्ने र त्यसले भ्रष्टाचार तथा सास्ती बढाएको उनको आरोप छ । विगतमा काम र खाद्यान्नका लागि मानिसहरू नेपाल आउने गरेको स्मरण गर्दै ठाकुरले अहिले स्थिति उल्टो भएको बताए । सीमा सुरक्षाका नाममा महिलाहरू सबैभन्दा बढी प्रताडित भइरहेको भन्दै उनले आक्रोश व्यक्त गरे।

# सरकारी विज्ञापन नीति विरुद्ध सरकारलाई ज्ञापन




**मधेशदृष्टि**
**वीरगंज।**
सरकारी विज्ञापनलाई केवल सरकारी सञ्चारमाध्यममा सीमित गर्ने निर्णयप्रति आपत्ति जनाउँदै नेपाल पत्रकार महासंघ जिल्ला समिति पर्साले सरकारसमक्ष ज्ञापनपत्र बुझाएको छ । उक्त ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारी भोला दहालमार्फत प्रधानमन्त्रीलाई पठाइएको हो।

महासंघले यो निर्णयले निजी तथा सामुदायिक सञ्चारमाध्यमको अस्तित्वमै संकट निम्त्याउने भन्दै गम्भीर असन्तुष्टि जनाएको छ । पत्रकारहरूको भनाइमा यस्तो कदम लोकतान्त्रिक मूल्य–मान्यता र स्वतन्त्र प्रेसको अभ्याससँग मेल नखाने प्रकृतिको छ । देशभर करिब चार सयभन्दा बढी रेडियो, पत्रपत्रिका, टेलिभिजन र अनलाइन सञ्चारमाध्यमहरू विज्ञापन आम्दानीमा निर्भर रहेको अवस्थामा सरकारी विज्ञापन सीमित हुँदा हजारौँ पत्रकार तथा सञ्चारकर्मीको रोजगारी प्रभावित हुने जोखिम रहेको महासंघको चेतावनी छ । महासंघले उक्त निर्णयले सूचना प्रवाहमा असमानता बढाउने र नागरिकको सूचनामा पहुँच कमजोर बनाउने समेत दाबी गरेको छ । साथै, यसलाई खुला बजार अर्थतन्त्र र प्रतिस्पर्धात्मक प्रणालीविपरीत कदमका रूपमा व्याख्या गरिएको छ । यता सरकारी विज्ञापन वितरणसम्बन्धी नयाँ व्यवस्थाप्रति असन्तुष्टि जनाउँदै नेपाल पत्रकार महासंघ धनुषा शाखाले प्रमुख जिल्ला अधिकारीमार्फत संघीय सरकारलाई ज्ञापनपत्र बुझाएको छ । सरकारले हालै सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममै सीमित गर्ने गरी परिपत्र जारी गरेपछि त्यसको विरोधस्वरूप महासंघले देशव्यापी आन्दोलन घोषणा गरेको छ। सोही कार्यक्रमअन्तर्गत धनुषामा पनि पत्रकारहरूले असहमति जनाएका हुन्।

महासंघको केन्द्रीय निर्देशनअनुसार जिल्ला अध्यक्ष पुरन साहको नेतृत्वमा गएको टोलीले प्रमुख



जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलसमक्ष ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सचिवस्तरमा जारी गरिएको परिपत्रप्रति कडा आपत्ति जनाइएको छ । उक्त परिपत्रले संघीय निकायदेखि प्रदेश र स्थानीय तहसम्मका सबै कार्यालयलाई सरकारी सञ्चारमाध्यममार्फत मात्र विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने निर्देशन दिएको उल्लेख गरिएको छ।

महासंघले यस्तो निर्णयलाई प्रेस स्वतन्त्रतामाथिको अप्रत्यक्ष नियन्त्रणको प्रयासका रूपमा व्याख्या गरेको छ। विज्ञापन क्षेत्रमा देखिएका विकृति नियन्त्रण गर्ने उद्देश्य सकारात्मक भए पनि त्यसको नाममा निजी सञ्चारमाध्यमलाई बहिष्कृत गर्नु संविधान, कानुन र खुला बजार व्यवस्थाको मर्मविपरीत हुने महासंघको तर्क छ।

नयाँ नीतिले निजी सञ्चारमाध्यमहरूको आर्थिक आधार कमजोर पार्ने र स्वतन्त्र पत्रकारितामाथि दबाब सिर्जना गर्ने जोखिम बढाउने महासंघको भनाइ छ। देशभर सञ्चालित रेडियो, पत्रपत्रिका, टेलिभिजन तथा अनलाइन माध्यमहरूमा प्रत्यक्ष असर पर्ने र हजारौं सञ्चारकर्मीको रोजगारी संकटमा पर्न सक्ने चेतावनी पनि दिइएको छ।

महासंघले विज्ञापन वितरण प्रणालीलाई पारदर्शी, समावेशी र समानुपातिक बनाउँदै सबै सञ्चारमाध्यमलाई समान अवसर सुनिश्चित गर्न सरकारसँग माग गरेको छ । साथै संविधानविपरीत देखिएका निर्देशन कार्यान्वयन नगर्न प्रदेश तथा स्थानीय तहलाई आग्रह गरिएको छ।

माग बेवास्ता गरिए थप कडा आन्दोलनमा उत्रिने चेतावनी महासंघले दिएको छ।

ज्ञापनपत्र बुझाउने टोलीमा महासंघका केन्द्रीय सदस्य राजेश कर्ण, उपाध्यक्ष अवधेश कामत, वरिष्ठ पत्रकार रामभरत साह तथा संजय साहलगायतको सहभागिता रहेको थियो।

# हरवा–चरवा समुदायका लागि नीति कार्यान्वयनको तयारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम पटेलले हरवा–चरवा समुदायसँग सम्बन्धित महत्वपूर्ण निर्देशिका आफ्नो कार्यकालमै पारित गर्ने प्रतिबद्धता जनाएका छन् ।

साथै, निर्देशिका स्वीकृत भएसँगै लगत संकलन प्रक्रिया अघि बढाउन स्थानीय तहहरूमा चाँडै परिपत्र गरिने उनले स्पष्ट पारे ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आयोजना गरेको हरवा–चरवा लगत संकलनसम्बन्धी अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री पटेलले लामो समयदेखि निर्देशिका किन रोकिएको भन्नेबारे आफू अनभिज्ञ रहेको उल्लेख गरे। तर अब थप ढिलाइ नगरी प्रक्रियालाई टुंगोमा पुऱ्याउने उनको भनाइ थियो । उनले हरवा–चरवा समुदायको जीवनस्तर उकास्न लक्षित कार्यक्रमहरू ल्याइने जानकारी दिँदै अघिल्लो बजेटमा छुट्याइएको रकमको प्रभावकारी उपयोगमा स्वयं समुदायको सक्रिय सहभागिता आवश्यक रहेको बताए ।

जनकपुरधामस्थित सिआइसीको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा ‘द फ्रीडम फन्ड’को सहयोग तथा आरडिएन नेपालको सहकार्य रहेको थियो । मन्त्रालयकै सभाहलमा आयोजित कार्यक्रममा हरवा–चरवा अधिकार मञ्चका अध्यक्ष दशन मण्डलको अध्यक्षता रहेको थियो ।

कार्यक्रममा ‘द फ्रीडम फन्ड’का कानुनी सल्लाहकार बालाराम भट्टराईले कार्यपत्र प्रस्तुत गरेका थिए भने मन्त्रालयका कानुन अधिकृत श्रीजना यादव, बाली विकास अधिकृत रबिन बस्नेत, कार्यक्रम सल्लाहकार ब्रह्मदेव राम, सिआइसीका सतिस ठाकुर र आरडिएन नेपालका बृजलाल पासवानलगायतले आ–आफ्ना धारणा व्यक्त गरेका थिए ।

# पर्सा राष्ट्रिय निकुञ्जमा ‘बाघ मित्र’ अभियान




**मधेशदृष्टि**
**वीरगंज।**
बाघलगायत वन्यजन्तुबाट हुने क्षतिका घटना घटाउन पर्सा राष्ट्रिय निकुञ्जले ‘बाघ मित्र’ अभियान सञ्चालन गरेको छ । मानव–वन्यजन्तु सहअस्तित्व प्रवद्र्धन गर्ने तथा वन्यजन्तुहरुबाट हुने क्षतिलाई शून्यमा झार्ने लक्ष्यसहित निकुञ्जले यो अभियान सञ्चालन गरेको हो।

निकुञ्जसँग जोडिएको पर्सा, बारा र मकवानपुरका डिभिजन वन कार्यालयको समन्वयमा समुदायस्तरमा अभियान सञ्चालन गरिएको पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख रामचन्द्र खतिवडाले बताए । अभियानअन्तर्गत समुदायको अग्रसरतामा वन्यजन्तुको महत्वबारे चेतना जगाउने, वन्यजन्तुबाट कसरी बच्ने, समस्या परेका बखत कसरी समाधान खोज्नेलगायत छलफल कार्यक्रम जारी छन्।

बाघका माध्यमबाट पर्यापर्यटन प्रवद्र्धन गर्न सकिनेमा जोड दिँदै उहाले जङ्गलमा आगो लगाउने, चोरी शिकारीजस्ता गतिविधिका कारण वन्यजन्तु जङ्गलबाट बाहिर निस्कने गरेकाले त्यस्ता गतिविधि हुननदिनेतर्फ सबैलाई सचेत गर्न अभियान सञ्चालन गरिएको बताए।

# मधेश प्रहरीः कार्यालयभित्रै प्रहरीले हात काट्ने प्रयास सुरक्षा संयन्त्रभित्रै खैलाबैला



**मधेशदृष्टि**
**वीरगंज।**
मधेश प्रदेश प्रहरी कार्यालयमा एक प्रहरी जवानले आफ्नै हात काट्ने प्रयास गरेपछि सुरक्षा संयन्त्रभित्रै खैलाबैला मच्चिएको छ । प्रदेश प्रहरी प्रमुख (डीआईजी) गोविन्द थपलियाको कार्यकक्षमा उपस्थित गराइएका प्रहरी जवान रोशन यादवले बुधबार छानबिनका क्रममा आफूमाथि ‘यातना’ दिइएको भन्दै हात काट्ने प्रयास गरेका हुन्।

धनुषाको जानकी प्रहरी चौकीमा कार्यरत रहेका जवान यादवलाई प्रहरीभित्रको विवादास्पद अडियो प्रकरणमा छानबिन गर्न भन्दै चार दिनअघि प्रदेश कार्यालयमा झिकाइएको थियो । डीआईजी थपलिया र छानबिनमा संलग्न अधिकृतहरूले आफूलाई जबर्जस्ती निलम्बित वरिष्ठ सई सागर शमसेर जबरालाई सम्पर्क गराउन दबाब दिएको र सो क्रममा अमानवीय व्यवहार (टर्चर) गरेको यादवको आरोप छ।

घटनालगत्तै एक सञ्चारकर्मीसँगको टेलिफोन संवादमा जवान यादवले आफूलाई मानसिक र शारीरिक रूपमा प्रताडित पारिएपछि उक्त कदम चालेको दुखेसो पोखेका छन्।

# मदरसाहरुमा अनुगमन तथा चेकजाँच तीब्र




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले वीरगंजस्थित मदरसाहरूमा अनुगमन तथा चेकजाँचलाई तीव्र बनाएको छ । पहिलो चरणमा वीरगंज महानगरपालिका–छपकैया क्षेत्रका चार मदरसामा बिर्ता वडा प्रहरी कार्यालयको टोलीले स्थलगत निरीक्षण गरेको हो ।

प्रहरी निरीक्षक बिक्रम सुवेदीको नेतृत्वमा गरिएको अनुगमनका क्रममा मदरसाहरूको प्रशासनिक अवस्था, दर्ता प्रक्रिया तथा सञ्चालनसम्बन्धी कागजातहरू जाँच गरिएको प्रहरीले जनाएको छ ।

निरीक्षणका क्रममा एक मदरसा दर्ता बिना सञ्चालनमा रहेको भेटिएपछि त्यसलाई कानुनअनुसार यथाशीघ्र दर्ता प्रक्रिया पूरा गर्न निर्देशन दिइएको प्रहरी निरीक्षक सुवेदीले जानकारी दिएका छन् ।

प्रहरीले सबै शैक्षिक संस्थाहरूलाई कानुनी मापदण्डभित्र रहेर सञ्चालन गर्न आग्रह गर्दै आवश्यक कागजातहरू अद्यावधिक राख्न सचेत गराएको छ । साथै, कुनै शंकास्पद गतिविधि देखिएमा तत्काल जानकारी गराउन सम्बन्धित पक्षसँग अनुरोध गरिएको छ ।

# पथलैया–अमलेखगंज–चुरियामाई सडकखण्ड अतिक्रमण हटाउन सडक डिभिजनको कडा कदम



**मधेशदृष्टि**
**कलैया।**
डिभिजन वन कार्यालय बाराले महेन्द्र राजमार्ग अन्तर्गतको अति संवेदनशील पथलैया–अमलेखगंज–चुरियामाई सडक खण्डमा भएको वन अतिक्रमण हटाउन कडा कदम चालेको छ।

कार्यालयले एक सार्वजनिक सूचना जारी गर्दै वन क्षेत्रभित्र अनाधिकृत रूपमा निर्माण गरिएका घरटहरा र सञ्चालनमा रहेका व्यवसायहरूलाई ३ दिनभित्र हटाउन निर्देशन दिएको छ। लामो समयदेखि सरकारी वन क्षेत्र ओगटेर बसोबास र व्यापारिक प्रयोजनमा प्रयोग भइरहेका संरचनाहरूका कारण वन संरक्षणमा चुनौती थपिएपछि प्रशासनले यस्तो अल्टिमेटम दिएको हो।

यस अतिक्रमणको चपेटामा परेको क्षेत्रको सीमांकन गर्दै कार्यालयले पूर्वमा वन क्षेत्र तथा दुधौरा नदी, पश्चिममा पर्सा राष्ट्रिय निकुञ्ज, उत्तरमा चुरियामाई मन्दिर र दक्षिणमा पथलैया चोकसम्मको क्षेत्रलाई चारकिल्ला तोकेको छ।

# पूर्व नगरप्रमुख श्रीवास्तवको ‘बाइपास सर्जरी’



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजका ‘विकास पुरुष’ का रूपमा चिनिने पूर्व नगर प्रमुख तथा पूर्व मन्त्री बिमल प्रसाद श्रीवास्तवको काठमाडौंस्थित शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा बिहीबार सफलतापूर्वक बाइपास सर्जरी सम्पन्न भएको छ।

परिवारजनका अनुसार शल्यक्रिया सफल भएको र उहाँ हाल खतरा मुक्त अवस्थामा हुनुहुन्छ । करिब १२ दिनअघि हृदयघात भएपछि उनलाई उपचारका लागि अस्पताल भर्ना गरिएको थियो।

स्वास्थ्यमा क्रमिक सुधार भइरहेको जानकारी दिँदै परिवारले शुभेच्छुकहरूलाई चिन्ता नलिन आग्रह गरेको छ। साथै उनको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै विभिन्न क्षेत्रबाट शुभकामना व्यक्त भइरहेका छन्।

# वीरगंज नाका हुँदै १५ प्रतिशत निर्यातमा वृद्धि




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज नाका हुँदै चालु आवको नौ महिनामा ७९ अर्ब ५४ करोड रुपैया मूल्य पर्ने वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको छ ।

वीरगंज भन्सार कार्यालयका अनुसार गत आवको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने १० अर्ब १९ करोड रुपैया अर्थात १५ प्रतिशत बढी आयात भएको हो । गत आवको नौ महिनामा भने ६९ अर्ब ३५ करोड रुपैया मूल्य बराबरको वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको थियो ।

वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा यो नाका हुँदै १५ प्रतिशत निर्यात बढेको बताए ।

## सम्पादकीय

# गृहमन्त्रीको राजीनामा र जनअपेक्षा

गृहमन्त्री सुदन गुरुङको राजीनामाले नेपाली राजनीतिमा नयाँ तरङ्ग ल्याएको छ। सम्पत्ति विवाद र कार्यशैलीमाथि उठेका प्रश्नहरूको चौतर्फी दबाबपछि उनले पदबाट राजीनामा दिएका हुन्। यस घटनाले सरकारको सुशासनप्रतिको प्रतिबद्धता र सार्वजनिक पद धारण गर्ने व्यक्तिको नैतिक जिम्मेवारीमाथि गम्भीर बहस सिर्जना गरेको छ। एकातर्फ, विवादमा मुछिएका मन्त्रीले नैतिकताका आधारमा राजीनामा दिनुलाई सकारात्मक कदमका रूपमा हेरिएको छ भने अर्कोतर्फ, यस्ता घटनाले राजनीतिक नेतृत्वको विश्वसनीयतामाथि निरन्तर प्रश्नचिह्न खडा गरिरहेको छ।

नेपालको राजनीतिक इतिहासमा गृहमन्त्रीको पद सधैँ चर्चा र विवादको केन्द्रमा रहँदै आएको छ। विगतमा पनि कतिपय गृहमन्त्रीहरू विभिन्न कारणले विवादास्पद बनेका उदाहरणहरू छन्। शान्ति सुरक्षा, अपराध नियन्त्रण र सुशासन कायम गर्ने जस्तो संवेदनशील जिम्मेवारी बोकेको यो पदमा आउने व्यक्तिबाट जनताले उच्च नैतिक आचरण र प्रभावकारी कार्यसम्पादनको अपेक्षा राखेका हुन्छन्। तर, कतिपय अवस्थामा राजनीतिक हस्तक्षेप, व्यक्तिगत स्वार्थ र कमजोर कार्यसम्पादनका कारण गृहमन्त्रीहरू आलोचित बन्ने गरेका छन्। सुदन गुरुङको राजीनामा यसै शृंखलाको पछिल्लो कडी हो।

अबको गृहमन्त्री कस्ता आउलान् भन्ने प्रश्न अहिले जनमानसमा व्याप्त छ। के सरकारले फेरि पनि विवादास्पद छविका व्यक्तिलाई नै यो महत्वपूर्ण जिम्मेवारी सुम्पिएला या जनताले खोजेको जस्तो स्वच्छ छवि, सक्षम र जनमुखी नेतृत्वको चयन गर्ला? जनताको अपेक्षा स्पष्ट छ: उनीहरू यस्तो गृहमन्त्री चाहन्छन् जसले कानुनको शासनलाई सर्वोपरि राख्दै, कुनै पनि दबाब र प्रभावमा नपरी काम गर्न सकोस्। अपराध नियन्त्रणमा कडाइ, भ्रष्टाचारमा शून्य सहनशीलता र नागरिकको सुरक्षालाई उच्च प्राथमिकता दिने नेतृत्व आजको आवश्यकता हो।

नयाँ गृहमन्त्रीको चयन गर्दा प्रधानमन्त्रीले विशेष ध्यान पुर्‍याउनुपर्ने देखिन्छ। केवल राजनीतिक भागबन्डा वा व्यक्तिगत निकटताका आधारमा गरिने निर्णयले जनविश्वास अझ घटाउने निश्चित छ। बरु, राष्ट्रिय हित, सुशासनको प्रत्याभूति र जनताको भावनालाई कदर गर्दै योग्य, सक्षम र निष्ठावान व्यक्तिलाई गृहमन्त्रीको जिम्मेवारी दिनु अपरिहार्य छ। यसले सरकारको छवि सुधार्न मात्र नभई, समग्र राजनीतिक प्रणालीप्रति जनताको विश्वास बढाउन पनि मद्दत पुर्‍याउनेछ।

अन्ततः, गृहमन्त्रीको पद केवल एउटा मन्त्रालयको नेतृत्व मात्र नभई, देशको समग्र शान्ति सुरक्षा र सुशासनको मेरुदण्ड हो। सुदन गुरुङको राजीनामापछि सरकारसँग जनअपेक्षा अनुसारको नेतृत्व चयन गर्ने अवसर आएको छ। यदि सरकारले यस अवसरलाई सदुपयोग गर्दै जनमुखी र सक्षम गृहमन्त्री नियुक्त गर्न सकेमा यसले सकारात्मक सन्देश प्रवाह गर्नेछ। अन्यथा, विगतका गल्तीहरू दोहोर्‍याइएमा जनताको निराशा अझ बढ्ने र राजनीतिक अस्थिरतताले थप प्रश्रय पाउने निश्चित छ।

# विश्वकप लिग–२ मा शतप्रतिशत जितको खोजीमा नेपाल

– नवीन लुइँटेल

आइसिसी क्रिकेट विश्वकप लिग २ मा शीर्ष छ स्थानभित्र पुग्न नेपालका केही दिनपछि हुने दुई वटा श्रृंखलामा पाँच खेलमा सुखद नतिजा निकाल्नुपर्ने भएको छ। युएई, ओमान र नेपालवीचको एउटा श्रृंखलामा चार वटा खेल र स्कटल्याण्ड, अमेरिका र नेपालबीचको अर्को श्रृंखलामा थप चार वटा खेल गरी कुल आठ खेलबाट नेपालले यो प्रतियोगितामा शीर्ष छ भित्र प्रवेश गर्न कम्तिमा पाँच खेल जित्नु पर्नेछ।

जम्मा २० खेलबाट १२ अङ्क जोडेर सातौँ स्थानमा रहेको नेपालका लागि आफूभन्दा माथिल्लो तालिकामा रहेका नामिबिया र क्यानडालाई उछिन्न कम्तिमा पाचौँ खेलको जित पर्याप्त हुनेछ भने चौथो स्थानमा रहेको नेदरल्याण्ड्सलाई भेट्टाउन सबै खेलमा राम्रो स्कोरका जित आवश्यक छ। २१ अङ्क जोडेर छैटौँ स्थानमा रहेको क्यानडा, २२ अङ्कसहित पाँचौँ स्थानमा रहेको नामिबियालाई तथा २८ अङ्कसहित चौथो स्थानमा रहेको नेदरल्याण्ड्सलाई पछाडि पार्न लगातार खेल जित्नुको विकल्प रहने छैन। अघिल्लो संस्करणको जस्तो खेलको नतिजा आए शीर्ष चारसम्म पुग्न ती आठ खेल नै काफि हुन्छन्। तर सधैँ त्यही खालको नतिजा आउँछ भन्ने हुँदैन।

यसपटकको खेलमा नेपाली टिममा रोहित पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी उपकप्तान, कुशल भूर्तेल, आशिफ शेख, भिम विश्वकर्मा, आरिफ शेख, बासिर एहेमद, गुल्सन झा, सोमपाल कामी, सन्दीप लामीछाने, ललित राजवंशी, विनोद भण्डारी, नन्दन यादव, अर्जुन कुमाल र करण केसी छन्। मुख्य प्रशिक्षक स्टुआर्ट ल हुन् भने सहायक प्रशिक्षकहरुमा कलाम अली र बसन्त शाही रहेका छन्।

**शीर्ष तीन टिमसँग भिड्न त्यत्ति सहज छैन**

अघिल्लो संस्करणभन्दा यसपटकको आइसिसी क्रिकेट विश्वकप लिग २ नेपालका लागि फरक देखिएको छ। यही वैशाखको १२ देखि जेठको ८ गतेसम्म हुने दुई वटा फरक–फरक श्रृंखला नेपालका लागि त्यति सहज हुने देखिएको छैन। विश्लेषकहरुका अनुसार पछिल्लो समय नेपालको एकदिवसीय म्याचमा प्रदर्शन राम्रो देखिएको छैन। नेपाल एक दिवसीय मान्यता जोगाउनै सङ्घर्षरत रहेको छ। धेरै नयाँ खेलाडी हुनु र तयारी पनि त्यत्ति पर्याप्त नहुँदा नतिजामा प्रभाव पर्न सक्छ। अहिले ५ औँ स्थानमा रहेको नामिबियाले २८ खेल खेलिसकेको छ, नेपालले राम्रो खेल्दै उसको स्थानमा जाने सम्भावना हुन सक्छ।

अघिल्लो संस्करणको भन्दा अवस्था फरक छ, नेपाल 'वान डे' स्टाटस् जोगाउन सङ्घर्षरत छ। क्यानडा र युएईसँगका खेल हार्नु नै नेपालका लागि चुनौती थपिएको हो। शीर्ष तीन स्थानमा रहेका अमेरिका, स्कटल्याण्ड र ओमानसँग वैशाख र जेठमा खेल्दै गर्दा उनीहरुसँगको नतिजा शतप्रतिशत आउँछ भन्ने ढुक्क छैन तर अगाडि बढ्न यसमा शतप्रतिशत नतिजा नआए शीर्ष छ भित्रै अटाउन कठिन बन्न सक्छ।

श्रृङखला–२ मा को कसबीच प्रतिस्पर्धी नेपाल, ओमान र यूएईबीचको श्रृङखला यही वैशाख १२ गतेदेखि २२ गतेसम्म हुने भएको छ। यसअघि नै हुने तय भए पनि इरान र अमेरिकाबीचको तनावका कारण भएको पश्चिम एसियाको सङ्कटका कारण स्थगित भएको थियो। नेपालले वैशाख १२ गते शनिबार युएईसँग, वैशाख १६ गते बुधबार ओमानसँग, बैशाख १८ गते शुक्रबार युएईसँग र वैशाख २२ गते मङ्गलबार ओमानसँग खेल्नेछ।

नेपालले गत नोभेम्बर र अक्टोबरमा भएको श्रृंखलामा यएईसँग दुबै खेल हारेको थियो भने ओमानसँग २०२४ को सेप्टेम्बरमा भएको प्रतिस्पर्धामा दुईमध्ये एक खेलमा पराजय भोगेको थियो अर्को खेल भने स्थगित भएको थियो। लिग २ तालिकामा नेपाल २० खेलमा पाँच जितसहित १२ अङ्कका साथ पुछारबाट दोस्रो अर्थात सातौँ स्थानमा छ। नेपालले दुई खेलबाट एक–एक अङ्क बटुलेको छ। स्कटल्याण्ड र ओमानसँगको एक–एक खेल रद्द भएर दुबै टिमले अक बाँडेका थिए।ओमान २३ खेलमा १३ जित र ७ हारसँगै २९ अङ्कसहित तेस्रो स्थानमा छ। यसैगरी नेपाल जतिनै समान २० खेल खेलेको युएई ५ जित र १५ हारका साथ १० अङ्क बटुल्दै तालिकाको पुछारमा छ। यस्तै ओमान र युएई सम्मिलित श्रृंखला सकिएको अर्को सातामै फेरि नेपाल, अमेरिका र स्कटल्यान्ड सम्मिलित अर्को श्रृंखला सुरु हुनेछ। उक्त श्रृंखला बैशाख २९ गतेदेखि जेठ ८ गतेसम्म चल्नेछ। नेपालले वैशाख २९ गते मङ्गलबार स्कटल्याण्डसँग खेल्नेछ। यसैगरी जेठ २ गते शनिबार अमेरिकासँग खेल्नेछ भने जेष्ठ ४ गते सोमबार पुनः स्कटल्याण्डसँग र जेठ ८ गते शुक्रबार पुनः अमेरिकासँग नेपालले प्रतिस्पर्धा गर्नेछ। दुबै श्रृंखला त्रिवि क्रिकेट मैदानमा हुनेछ। सबै खेल बिहान ९:३० बजे सुरु हुनेछ। नेपालले अमेरिकासँग यसअघि गत अक्टोबर–नोभेम्बरमा भएको प्रतिस्पर्धामा दुबै खेल हारेको थियो भने सन् २०२४ को अक्टोबर नोभेम्बरको दुबै खेलमा पनि नेपाल अमेरिकासँग स्तब्ध भएको थियो। गत जुनमा भएको श्रृंखलामा स्कटल्याण्डसँगको एक खेल जितेको नेपालले अर्को खेल भने उसैलाई सुम्पिएको थियो। सन् २०२४ को अक्टोबर नोभेम्बरको प्रतिस्पर्धामा १ खेल स्कल्याण्डसँग निराश बन्दा अर्को खेल रद्द हुँदा दुबैले अङ्क बाँडेका थिए।

तलिकामा अमेरिकाको दबदबा

आइसिसी क्रिकेट विश्वकप लिग–२ तालिकामा अमेरिका २४ खेलमा १८ जित र छ हारका साथ ३६ अङ्क जोडेर शीर्षस्थानमा छ भने स्कटल्यान्ड २८ खेलमा १४ जित र आठ हारका साथ ३४ अङ्क जोडेर दोस्रो स्थानमा छ। स्कटल्याण्डले छ वटा खेलमा एक–एक अङ्क जोडेको छ। तेस्रो स्थानको ओमानसँग २४ खेलमा २९ अङ्क छ भने चौथो स्थानको नेदरल्यान्ड्सको २४ खेलमा १३ जित र नौ हारका साथ २८ अङ्क छ। उसको थप दुई अङ्क खेल रद्द हुँदा प्राप्त भएको छ। यसैगरी नामिबियाले २८ खेलबाट १० जित, दुई खेल नतिजाविहीन र १६ हारका साथ २२ अङ्क बनाएको छ। नामिबिया पाँचौँ स्थानमा छ। क्यानडा २४ खेलमा नौ जित, तीन नतिजाविहीन खेलको तीन अङ्कसँगै २१ अङ्कका छैटौँ स्थानमा छ। युएईले २० खेलमा पाँच जित र १५ हारबाट १० अङ्क मात्रै बनाएको छ। युएई तालिकाको पुछारमा छ।

अहिलेसम्म भएका खेलका नतिजा

सन् २०२४ को फेब्रुअरीमा कीर्तिपुरस्थित त्रिवि मैदानमा आइसिसी क्रिकेट विश्वकप लिग २ अन्तगत नेपाल, नामिबिया र नेदरल्याण्ड्सबीच प्रतिस्पर्धा भएको थियो। जसमा नेपालले पहिलो खेलमा नामिबियासँग चार विकेटले हार्न पुग्यो भने दोस्रो खेलमा नेदरल्याण्ड्सलाई नौ विकेटले हराउन सफल भयो। तेस्रो खेलमा गएर नामिबियासँग दुई विकेट पराजित हुँदा चौथो खेलमा नेदरल्याण्ड्सले नेपाललाई आठ विकेटले निरास बनाइदियो। यो श्रृंखलामा नेपालले मात्र दुई अङ्क जोड्न सक्यो।

सन् २०२४ को सेप्टेम्बरमा क्यानडामा भएको चार खेलमा नेपालले कुनै पनि खेल जित्न सकेन। सो टुरमा क्यानडाले पहिलो खेलमा एक सय तीन रनले तथा अर्को खेलमा पाँच विकेटले हरायो। ओमानसँगको पहिलो खेल एक विकेटले नेपाालले सुम्पियो। अर्को खेल रद्द हुँदा यो टुरमा नेपालको खातामा एक अङ्क मात्र रह्यो। सन् २०२४ कै अक्टोबर र नोभेम्बरमा अमेरिकाको डल्लासमा भएको आईसीसी क्रिकेट विश्वकप लिग–२ को अर्को श्रृङखला पनि नेपालका लागि त्यत्ति सुखद रहेन। तैपनि नेपालले यो टुरबाट तीन अङ्क बटुल्यो। स्कटल्याण्डसँगको खेल नतिजावीहिन हुँदा नेपालले त्यसबाट एक अङ्क पायो भने अर्को खेलमा स्कटल्याण्डलाई नै पाँच विकेटले पाखा लगायो। घरेलु दर्शक र मैदानको साथ पाएको अमेरिकाले भने दुबै खेल आफ्नो पक्षमा पार्‍यो। अमेरिकाले पहिलो खेलमा ३७ रनले तथा अर्को खेलमा तीन विकेटले नेपाललाई हरायो। सन् २०२५ को जुनमा स्कटल्याण्डमा भएको श्रृंखला नेपालका लागि सुखद रह्यो। खेलेका चार खेलमा तीन खेल जित्दै अघिल्ला तीन वटा श्रृंखलाबाट प्राप्त जत्तिकै छ अङ्क बटुल्यो। नेपालले आयोजक स्कटल्याण्डलाई पहिलो खेलमा एक विकेटले हरायो भने अर्को खेलमा स्कटल्याण्डसँग दुई रनले हार्न पुग्यो। यी दुबै खेलमा अन्तिम बलले जित र हारको निर्णय गरेको थियो। यो टुरमा नेदरल्याण्ड्स दुबै खेलमा नेपालसँग पराजित भयो। पहिलो खेलमा पाँच विकेट र दोस्रो खेलमा १६ रनले नेदरल्याण्ड्स पराजित भयो।

सन् २०२५ को अक्टोबर नोभेम्बरमा युएईको दुबईमा भएको श्रृंखला नेपालका लागि पीडादायी रह्यो। युएई र अमेरिकासँगका सबै खेल नेपालले हार्न पुग्यो। युएईले पहिलो खेलमा चार विकेट र दोस्रो खेलमा पाँच विकेटले हरायो। यस्तै अमेरिकाले पहिलो खेलमा चार विकेट र दोस्रो खेलमा एक सय छ रनले पाखा लगायो।

**रोहित एकदिवसीय मात्र कप्तान**

डब्लुसिएल–२ मा राम्रो नतिजा ल्याउनका लागि भनेर कप्तान रोहित पौडेललाई टी–२० फर्माटको कप्तानसहित खेलाडी सूचीबाटै हटाइएको छ। उनी यसअघि टी–२० र एकदिवसीय दुबै टिमका कप्तान थिए। क्यानले टी–२० को कप्तानका रुपमा दीपेन्द्र सिंह ऐरीलाई बनाएको छ। डब्लुसियलमा मात्र फोकस गरेर टिममा राम्रो नतिजा दिन यो निर्णय लिइएको नेपाल क्रिकेट सङ्घ क्यानले जनाएको छ। कप्तान रोहितसहित केही अनुभवी र नियमित खेलाडी पनि टी–२०आई टोलीबाट हटाइएका थिए। रोहितसहित अनुभवी खेलाडीहरु करण केसी, सोमपाल कामी, ललित राजवंशी र आसिफ शेख टोलीमा नपरेपछि नयाँ युवा क्रिकेटरले अवसर। रासस

# हलिया मुक्ति घोषणाको १८ वर्ष: 'व्यवस्था फेरियो, अवस्था उस्तै'

सुशील दर्नाल/रासस

अछाम जिल्लाको साँफेबगर नगरपालिका–४ स्थित साँफे बगरका तारा आउजी अहिले पनि हलिया बस्नु भएको छ। आफ्नो बाबुबाजेले कुनै बेला साहुसँग लिएको ऋण तिर्न नसक्दा ब्याजमा उहाँले मुक्त हलियाको रुपमा काम गर्दै आउनु भएको हो। तर उहाँसँग मुक्त हलियाको परिचय पत्र नै छैन। सरकारले पुनःस्थापनाका लागि लागत लिने क्रममा आउजीलाई छुटायो।

साफेबगर–४ मा आउजी जस्तै २०–२५ घर गणनामै छुटेका छन्। सोही ठाउँका दिनेश लुहार मष्टामाडौँ निवासी झपट कुँवरको घरमा हलिया बसेको वर्षौं भयो तर उनको पनि परिचयपत्र बनेको छैन। सुरेन्द्र भूल अर्का हलिया हुन्। सात–आठ बोरा धान र तीन–चार बोरा गहुँ लिने शर्तमा पुस्तौंदेखि स्थानीय ध्रुब कुँवरको घरमा अलि बस्दै आएका सुरेन्द्र भूलको नाममा पनि परिचयपत्र बसको छैन।

त्यसैगरी बझाङ जिल्लाको थलारा गाउँपालिका–३ स्थित दिपिलका जोगी नेपालीले गरिबीका कारण स्थानीय हरिसिंह रावलबाट १२ हजार ऋण लिएपछि २० बर्षदेखि हलिया बस्नु पर्‍यो। स्थानीय मधुरा कामीले भन्नुभयो, 'मेरो न घर छ, न त जग्गा छ, म छूट हलियामा छु, तर सहयोग गर्ने केही छैन।' यो बस्तीका दलित समुदाय अहिले पनि पुरानै हिसाबले हलिया बसेका छन्। उहाँहरु केही उदाहरण मात्रै हो।

कर्णालीका रुकुम (पश्चिम भाग), सल्यान, डोल्पा, जुम्ला, मुगु, कालिकोट र दैलेख गरी सात जिल्ला र सुदूरपश्चिम प्रदेशका बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर र कैलाली गरी नौ वटै जिल्लाका करिव १९ हजार हलिया सरकारले लिएको लगत सङ्कलनमै छुटेका छन्। सरकारले मुक्त हलिया घोषणापछि पुनःस्थापन नगर्दा अहिले पनि सुदूरपश्चम र कर्णालीका कतिपय स्थानमा हलि नै बस्न बाध्य छन्। कृषि बधुँवा मजदुरका रुपमा काम गरिनै रहेका छन्।

वर्षौं पहिला साहुँसँग लिएको पुस्तौनी ऋणको ब्याज स्वरुप पुस्तौँसम्म साहुको हलो जोत्दै (बाँधा मजदुर) आएका छन्। उनीहरुले मानब अधिकार र सामाजिक न्यायको प्रत्याभुति गर्न पाएका छैनन। आफ्नो अस्तित्व र जीविकाको लागि भूमिहीन श्रमिक किसानको जमिन्दारमाथि निर्भर छन्। ऋण र जमिन नै भूदासलाई जमिन्दारको जमिनसित बाँधिराख्ने मुख्य साधन बनेका छन्। अहिलेपनि जमीन्दारले आफ्नो सम्पूर्ण खेतीपातीको र अन्य घरेलु आवश्यकताको बखत बिना झन्झट श्रमिकमा लगाइरहेका छन्।

बिना पारिश्रमिक सित्तैमा हलो जोताइरहेका छन्। श्रमिक किसानले ऋणको ब्याज, जमिनको भाडा वा खाने अन्नको मूल्य तिर्नुपर्ने बाध्यताबाट मुक्त हुने आशामा बँधुवा बनिरहेका छन्। भूमिहीन भएकै नाममा बँधुवा श्रमिकका रुपमा जमिन्दारको जमिनसित पुरापुर बाँधिएका छन्। उनीहरुलाई जमिन्दारको स्वीकृतिबिना त्यो जमिनमा बाहेक अन्यत्र काम गर्ने व्यक्तिगत स्वतन्त्रता छैन।

देश लोकतान्त्रिक गणतन्त्रमा छ तर देशको एउटा समूहले बाँधाको जीवन बाचिरहेको छ। हलिया प्रथाः सामन्तवादी भूदास प्रथाकै एउटा रुप जिवित छ। हलि प्रथा लोकतान्त्रिक गणतन्त्रको अनुहारमा कुरुप दाग भएर रहेको छ। यसले समाजवादको मुख्य सिद्धान्त सामाजिक न्याय, समतामुलक विकास र समावेशिताको ध्वज्जी उडाएको छ। उच्च जात र जातितन्त्रसँग पनि जोडिएको यो प्रथा सम्पन्न र कथित 'ठूलो जात' का मानिस वा जमिन्दारले आफ्नो जमिन आफैँ नजोत्ने, आफ्नो खेतबारीमा कृषि उत्पादनका लागि आफूले श्रम नगर्ने, आफ्नो घरको काम पनि आफूले नगर्ने संस्कृति र सामाजिक प्रणाली कायमै छ।

नेपालको हलिया जस्तै युरोपमा सामन्ती भूदास प्रथा १९ सौँ शताब्दीको मध्यतिरबाट समाप्त भइसकेको छ। एसियाली मुलुकमध्ये चीनमा सन् १९४९ को जनवादी क्रान्तिपछि प्रारम्भ गरिएको भूमिसुधार कार्यक्रमले सामन्ती भूदास प्रथालाई हटाएको थियो। रुसमा त्यहाँका जार अलेक्जेण्डर दोस्रोको पहलबाट सन् १८६१ मा आएर यस्तो भुदास प्रथा समाप्त पार्ने पहल थालिएको थियो। तर, नेपालमा आजको २१औँ शताब्दीमा पनि सोही प्रकृतिको हलिया प्रथा कायम छ। सरकारले हलिया मुक्तिको घोषणा गरेको १८ वर्ष हुँदा पनि मुक्त हुन सकेको छैन।

**घोषणा भएको १८ वर्ष हुँदा पनि समस्या ज्यूँका त्यूँ**

हलियाहरुको लामो सङ्घर्षपछि सरकारले २०६५ भदौ २१ गते हलिया मुक्तिको घोषणा गर्‍यो। त्यसपछि सरकारले १६ हजार ३२२ हलिया प्रमाणित गर्‍यो। आर्थिक वर्ष २०६७–६८ देखि नै मुक्त हलिया पुनःस्थापन तथा वृत्ति विकास कार्यक्रमहरू सञ्चालन भयो। यद्यपि, घोषणा भएको पाँच बर्षपछि २०७० सालमा मुक्त हलिया पुनःस्थापनको ढाँचा र कार्ययोजना स्वीकृत गरी पुनःस्थापना कार्यक्रम सञ्चालनमा आएको देखिन्छ।

सरकारको तथ्याङ्कअनुसार पुनःस्थापना सुरु भएको लामो समय बर्ष बितिसक्दा पनि १६ हजार ३ सय २२ मध्ये अझै दुई हजार ३ सय ६७ प्रमाणित हलिया परिवारले परिचय पत्र नै पाउन सकेका छैनन्। परिचयपत्र पाएकामध्ये पनि एक हजार १ सय ३५ ले पुनःस्थापनाको प्याकेज पाउन सकेका छैनन। यसरी हेर्दा अन्तिम प्रमाणीकरण भएका १६ हजार ३ सय २२ कुल हलिया परिवारमध्ये ८५ प्रतिशत (१३ हजार ९ सय ५५ हलिया परिवार) ले मात्र परिचयपत्र प्राप्त गरेको र ७८ प्रतिशतले मात्र पुनःस्थापनाको प्याकेज पाएको देखिन्छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार हलियाको परिचयपत्रको वर्गीकरणको प्रवृत्ति हेर्दा १२ प्रतिशतले 'क' वर्गको परिचयपत्र दिएको देखिन्छ। त्यसैगरी २७ प्रतिशतले 'ख' वर्गको, ५ प्रतिशतले 'ग' वर्गको र ५६ प्रतिशतले 'घ' वर्गको परिचयपत्र पाएका छन्। २०७० जेठदेखि २०७६ वैशाखसम्मको छ वर्षमा वर्गीकरण मुताबिक एक हजार ६०१ हलिया परिवारको लागि जग्गा किन्ने काम भएको सरकारी तथ्याङ्क छ, दुई हजार २०३ घर निर्माण भएको देखिएको छ। आठ हजार ४२७ घर मर्मत भएका छन्। राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ नेपालको यो तथ्यांक भने फरक छ।

राज्यले बधुँवा श्रमिकका रुपमा काम गरिरहेका मुक्त हलियाहरूको मुक्तिको घोषणासँगै सबै प्रकारका विभेद् तथा शोषणहरूको अन्त्य, न्यायिक पुनःस्थापना, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक अधिकारको सुनिश्चित गरी मुलप्रवाहमा ल्याउने भने पनि त्यसको पूर्ण कार्यान्वयन हुन नसकेको राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ नेपालको भनाइ छ। महासङ्घका उपाध्यक्ष पर्वत सुनारले सरकारले पुनःस्थापनाको नाममा केही जग्गा–जमिनको व्यवस्था गरे पनि उनीहरुको रोजगारी, शिक्षा, स्वास्थ्य वा अन्य आयआर्जनका कार्यक्रम नभएको बताउनुभयो।

नेपाल सरकार र हलिया महासङ्घबिच २०६५ सालमा भएको पाँचबुँदे सहमति अनुसार पुनःस्थापना नभएको उहाँको भनाइ छ। सुदूरपश्चिम र कर्णाली प्रदेशमा रहेका मुक्त हलियाहरूको आधारभूत मात्रामा पुनःस्थापना कार्य आजसम्म पनि सम्पन्न हुन नसकको राष्ट्रिय मुक्ति हलिय समाज महासङ्घ नेपालका अध्यक्ष ईश्वर सुनारको भनाइ छ। सरकारले २०७८ सालमा गठन गरेको 'मुक्त कमैया, कम्लरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति' को प्रतिवेदनले 'हलियाको वर्गिकरण एकदमै अवैज्ञानिक र त्रुटिपूर्ण ढङ्गले भएको देखिन्छ' भनेको छ।

प्रतिवेदनले भनेको छ, 'कमैयाको वर्गीकरणलाई नक्कल गर्न खोज्दा यस्तो हुन गएको देखिन्छ, आफ्नो स्वामित्वमा घर र जग्गा भएको व्यक्ति हलिया नै हुँदैनन्, जग्गा त भएको तर त्यसले आवश्यकता र औचित्य नै देखिदैन, जग्गा त भएको तर त्यसले कति महिना खान पुग्छ भन्ने आधारमा 'ख' र 'ग' को वर्गिकरण हुनुपर्ने हो, तर त्यसो गरिएको देखिँदैन।'

यसबीचमा सरकारले सरकारले 'मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति', 'मुक्त हलिया पुनःस्थापन समन्वय समिति' पुनःस्थापना कार्यान्वयनका लागि जिल्लामा 'मुक्त हलिया पुनःस्थापन जिल्ला समिति' को पनि गठन गरेर हलिया समस्या समाधान गर्नै खोजेको देखिन्छ। २०६८ सालमा 'मुक्त हलिया पुनःस्थापना तथा अनुगमन कार्यदल' गठन भएको थियो। सरकारले पछिल्लो पटक २०७८ सालमा गठन गरेको 'मुक्त कमैया, कम्लरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति' ले पहिलो नम्बरमा छुट हलियाको लगत सङ्कलन गर्नुपर्ने सुझाव दिएको छ।

**सरकार र दलको प्रतिबद्दताः प्रतिवद्धतामै सीमित**

नेकपा (एमाले) ले २०७९ को घोषणापत्रमा 'कुनै पनि नेपाली नागरिक आवासविहीन अवस्थामा रहनु पर्ने छैन' भनि ग्यारेन्टी गर्ने प्रतिवद्धता व्यक्त गरेको थियो। २०८१ सालमा एमालेका अध्यक्ष केपी शर्मा ओली शर्मा नेतृत्वको सरकारले 'भूमिमा किसानको सहज पहुँच स्थापित गर्न भूमिको वैज्ञानिक व्यवस्थापनमार्फत सही सदुपयोग गर्न र आवाससम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाइने' साझा सङ्कल्प गरे पनि कार्यान्वयन हुन सकेन। त्यसैगरी सुकुम्वासी, हलिया र पुस्तौँदेखि गुठी जग्गा कमाइरहेका किसान र श्रमिकका समस्या समाधान गर्ने पनि एमाले नेतृत्वको सरकारको सङ्कल्प थियो।

नेपाली कांग्रेसले २०८२ सालको निर्वाचनको आफ्नो घोषणा पत्रमा 'विपन्न, दलित तथा पिछडिएका समुदाय लक्षित सुरक्षित आवासलाई अभियानको रूपमा सञ्चालन गरी पाँच वर्षभित्र घरबिहीन अवस्थाबाट सबै नेपालीलाई मुक्त गर्छौं' भनेको छ। तर, यो पार्टीले हलिया समुदायको समस्या समाधान गर्न हपलसमेत गरेको देखिँदैन। नेकपा (माओवादी केन्द्र) ले पनि २०७९ सालको चुनावी घोषणा पत्रमा सुकुम्बासी र हलियाको समस्या समाधान गर्ने भनेको थियो। तर, चुनावलगत्तै प्रधानमन्त्री बन्नुभएको माओवादी अध्यक्ष पुष्पकमल दाहालले पनि यो समस्या समाधान गर्न सक्नुभएन।

वर्तमान सरकारले गत चैत्र १३ गते सार्वजनिक गरेको 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' मा देशभरका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत सङ्कलन तथा प्रमाणीकरण ६० दिनभित्र सम्पन्न गर्ने र भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्या एक हजार दिनभित्र समाधान गर्न स्थानीय तहको समन्वयमा घर परिवार सर्वेक्षण सञ्चालन गर्ने भनेको छ। एक हजार दिनभित्र पहिचान भएका वास्तविक सुकुम्बासीलाई चरणबद्ध रूपमा जग्गा उपलब्ध गराउने वा घना शहरी क्षेत्रमा वैकल्पिक रूपमा एकीकृत आवासमार्फत पुनर्वासको व्यवस्था मिलाउनेपनि सरकारको योजना छ।

**संविधानमा छ, कार्यान्वयन छैन**

नेपालको संविधानले सबै खालको बाध्यकारी श्रमलाई निषेध गरेको छ। संविधानको धारा १६ ले प्रदान गरेको सम्मानपूर्वक बाँच्ने हकसम्बन्धी मौलिक हकको पहिलो दफाले नै 'प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक' प्रदान गरेको छ। संविधानको धारा २४ ले हरेक नागरिकलाई जातीय छुवाछूतबिरुद्धको हक प्रदान गरेको थियो तर हलियामध्ये अधिकांशले आफू दलित श्रमिक हुनुको नाताले कार्यस्थलमा छुवाछूत ब्यहोरिरहेका छन्।

संविधानको धारा २९ ले हरेक नागरिकलाई शोषणविरुद्धको हक प्रदान गरेको छ। त्यसको उपधारा ३ ले कसैलाई पनि 'दास वा बाँधा बनाउन पाइने छैन' भनेर प्रष्ट रुपमा लेखेको छ। उपधारा ५ ले कसैले पनि बाँधा श्रमिक राखेमा त्यो दण्डनीय हुनेछ र पीडितले पीडकबाट क्षतिपूर्ति समेत पाउने भनेर उल्लेख गरेको छ। तर, हलियाहरू एक्काइसौँ शताब्दीमा पनि ऋणको ब्याज, साहुको जमिन वा जमिनमा झुप्रो बनाएबापत वा थोरै अन्न पाएबापत बाँधा श्रमिकको रुपमा कथित 'मालिक' कहाँ काम गरिरहेका छन्।

संविधानको धारा ४० (उपधारा ५) ले राज्यले 'भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराउनु पर्ने' तथा (उपधारा ६) ले 'आवासविहीन दलितलाई बसोबासको प्रबन्ध गर्नुपर्ने' उल्लेख गरेको छ। हलियामध्ये ९७ प्रतिशत दलित समुदाय रहेको राष्ट्रिय दलित नेटवर्क (आरडिएन) को तथ्याङ्क छ। आरडिएनका अनुसार हलियामध्ये ८९ प्रतिशत भूमिहीन र ३६ प्रतिशत हलिया आबासबिहीन छन्। संविधानको धारा ५१ ले पनि 'मुक्त कमैया, कम्लहरी, हरवाचरवा, हलिया, भूमिहीन, सुकुम्बासीको पहिचान गरी बसोबासको लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने' विषय प्रष्टसँग भनेको छ।

मुक्त हलियाको पुनःस्थापनासँगै शिक्षा, स्वास्थ्य, रोजगारी, दिगो जीविकोपार्जन, सामाजिक सशक्तीकरण, समावेशीकरणसम्बन्धी मुद्दालाई सरकारले विशेष प्राथमिकतामा राखी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने महासङ्घका अध्यक्ष सुनारको भनाइ छ। सांसद तथा मुक्त हलिया आन्दोलनका अगुवा गणेश विकले भन्नुभयो, 'कानून रुपमा कमैया र हरुवाचरुवाको हल गर्ने जिम्मा सङ्घीय सरकारलाई भए पनि हलिया समस्या समाधान भइसक्यो भनेर हलियासम्बन्धी काम गर्ने विभाग नै बन्द गरिदियो, १५ हजारभन्दा बढी गणनामै छैनन्, सरकारले २०७६ सालदेखि हलियाको लागि बजेट पनि छुट्याएको छैन।' छुटेका हलियाको तथ्याङ्क वडा कार्यालयले लिनुपर्ने उहाँको भनाइ छ। त्यहि अनुसार जग्गाको लागि हो भने भूमि आयोगलाई र पुनःस्थापनाको लागि हो भने सरकारलाई सिफारिस गर्नुपर्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, 'भूमि आयोगले अलियालाई जग्गा लिए पनि शिक्षा, रोजगारीलगायत पुनःस्थापनाको काम सरकारले गर्नुपर्छ।' हलिया अधिकारकर्मी डण्डीकुमार विक बिना आधार हचुवाको भरमा सरकारले हलियाको समस्या समाधान भयो भन्नु मुक्त हलियामाथि ठूलो अन्याय भएको बताउनुहुन्छ।

**अब के गर्ने ?**

संविधानले समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणको सङ्कल्प पूरा गर्न मुक्त हलियालाई व्यवहारिक रुपमा पुनःस्थापना गर्न सरकारले दीर्घकालीन समाधान खोज्नुपर्छ। मानव अधिकार र सामाजकि न्यायको प्रत्याभूति दिन, राजनीतिक परिवर्तन, लोकतन्त्र र गणतन्त्रको अनुभुतति दिलाउन हलियाको समस्याको समस्या समाधान गर्नुपर्ने देखिन्छ। दिगो विकास लक्ष्य हासिल गर्न, संविधानले सुनिश्चित गरेका मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्न पनि हलिया प्रथा हटाउनुपर्छ। त्यसको लागि सरकारले सबैभन्दा पहिला छुटेका हलियाको लगत सङ्कलन गर्न जरुरी छ। ऋण खारेजी र मुक्तिको घोषणा गर्दै गास र बासको लागि जमिनको व्यवस्था, उच्च र व्यावसायिक शिक्षामा पहुँच र आधारभूत स्वास्थ्यमा पहुँच हुन आवश्यक छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक रासस्को नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सुरक्षाकर्मीको भूमिका प्रशंसनीयः मुख्यमन्त्री



**गण्डकी ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शान्ति सुरक्षासँगै विपद्मा सुरक्षाकर्मीले निर्वाह गरेको भूमिका प्रशंसनीय भएको बताएका छन् । गण्डकी प्रदेश सरकारको सहयोगमा नवनिर्मित गण्डकी प्रदेश प्रहरी कार्यालयको नवनिर्मित भवनहरूको बिहिबार पोखरामा उद्घाटन गर्दै उनले प्रहरी सङ्गठनले राज्य र नागरिकको सुरक्षाको गहन जिम्मेवारी बहन गर्दै आएको बताए ।

उनले हरेक घटनामा राज्यको प्रतिनिधिका रुपमा पहिलो उपस्थिति रहने सुरक्षा निकायलाई सरकारले साधन–स्रोत सम्पन्न र आधुनिक प्रविधिमा दक्ष बनाउन थप लगानी गर्नुपर्ने आवश्यकता औँल्याए । संवैधानिक व्यवस्थाअनुसार गण्डकी प्रदेश सरकारले आफ्नो दायित्व र कर्तव्य बोधका साथ २०७५ सालमा स्थापना भएको गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रको भौतिक पूर्वाधार निर्माण प्रारम्भ गरेको उनले जानकारी दिए ।

नवनिर्मित कार्यालय, ब्यारेक, क्वाटर गार्ड, कार्यालय प्रमुख तथा वरिष्ठ अधिकृत निवास र मेस भवनको निर्माणसँगै प्रहरी संगठनको सीप, दक्षता र क्षमता थप सुदृढ हुने विश्वास व्यक्त गर्दै उनले भर्ना छनोट, आधारभूत तथा सेवाकालीन तालिम सञ्चालनमा यी संरचनाले महत्त्वपूर्ण सहयोग पु¥याउने बताए । 'यो तालिम केन्द्रले समय सापेक्ष प्रशिक्षण प्रणालीमार्फत तालिमको गुणस्तर अभिवृद्धि गर्दै पेसागत ज्ञान, सीप र दक्षतायुक्त सक्षम प्रहरी जनशक्ति उत्पादन गर्नेछ भन्ने अपेक्षा राखेको छु', उनले भने ।

अपराध नियन्त्रण, अनुसन्धान तथा मानवीय उद्धारमा नवीनतम प्रविधि र प्रक्रियाको प्रभावकारी प्रयोग गर्ने क्षमताको विकासमा समेत यो केन्द्र महत्त्वपूर्ण बन्ने उनले विश्वास व्यक्त गरे । प्रदेश सरकार स्थापना भएयता गण्डकी प्रदेशमा निर्माण सुरु भएका ३५ प्रहरी युनिटका भवनमध्ये ३४ वटा निर्माण सम्पन्न भइसकेको र एउटा अन्तिम चरणमा रहेको मुख्यमन्त्रीले जानकारी गराए ।

सीमित साधन र स्रोतका बाबजुद पनि गण्डकी प्रदेश सरकारले शान्ति सुरक्षा र नागरिकप्रतिको दायित्वलाई उच्च प्राथमिकतामा राख्दै हरेक वर्ष करिब १५ करोड रुपैयाँभन्दा बढी बजेट सुरक्षा निकायका लागि विनियोजन गर्दै आएको उनले बताए । प्राविधिक प्रहरी नायब उपरीक्षक ई चीरञ्जिवी महतोका अनुसार कार्यालय पसिरमा कार्यालय भवन, समादेशक निवास, दुईवटा सिनियर अफिसर क्वाटरलगायत निर्माणका लागि मूल्य अभिवृद्धि करसहित छ करोड ४६ लाख १२ हजार ३२७ रुपैयाँका साथै छ दुई वटा ब्यारेक, दुईवटा मेस, क्वाटर गार्ड लगायतका संरचनाका लागि छ करोड ५५ लाख ४५ हजार ७१६ रुपैयाँ भुक्तानी भएको छ । रासस

# मन्त्रिपरिषद् निर्णयः
# प्रहरी प्रतिष्ठान स्थानान्तरण नहुने



**काठमाडौं ।**
सरकारले महाराजगञ्जस्थित राष्ट्रिय प्रहरी प्रक्षिण प्रतिष्ठान स्थानान्तरण नगर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को बिहिबारको बैठकले प्रष्ठिानको सबै जग्गा पूर्ववत् रूपमा प्रतिष्ठानले नै प्रयोग गर्ने निर्णय भएको सरकारका प्रवक्ता शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले बताए ।

मन्त्रिपरिषद्को २०७५ भदौ २१ को निर्णय बमोजिम प्रतिष्ठानको उक्त जग्गा राष्ट्रपतिको कार्यालयलाई प्रदान गर्ने निर्णय भएको थियो । बिहिबारको बैठकले एकीकृत खानेपानी तथा ढल व्यवस्थापन परियोजना कार्यान्वयन गर्न एसियाली विकास बैंकबाट प्राप्त हुने ११ करोड ५० लाख अमेरिकी डलर सहुलियतपूर्ण ऋण प्राप्तिसम्बन्धी वार्ता, सम्झौता पत्र एवं दस्ताबेज तयारी तथा त्यसमा हस्ताक्षर गर्ने अख्तियारी अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा एक टोली गठन गरेको छ । साथै बैठकले सरकारी निकायमा भएका सफ्टवयर तथा सूचना प्रविधिसम्बन्धी विषयमा अध्ययन गर्न सूचना तथा सञ्चार प्रविधि सल्लाहकारको संयोजकत्वमा अध्ययन कार्यदल पनि गठन गरेको छ । रासस

# सामाजिक सञ्जाल सम्पर्क केन्द्र दर्ता नहुँदा
# साइबर अपराध नियन्त्रणमा चुनौती

**काठमाडौं ।**
प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले सामाजिक सञ्जाल प्लेटफर्महरूको सम्पर्क केन्द्र नेपालमा दर्ता नहुँदा विद्युतीय अपराधका मुद्दा छिनोफानो गर्न कठिन भएको बताए । राष्ट्रियसभा अन्तर्गतको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बिहिबारको बैठकमा साइबर बुलिङ र साइबर अपराध नियन्त्रणबारे ब्रिफिङ गर्दै उनले सामाजिक सञ्जालको दुरुपयोग बढ्दै गएको उल्लेख गरे । महानिरीक्षक कार्कीका अनुसार फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएपजस्ता प्लेटफर्ममार्फत फेक आइडी बनाउने, गालीगलौज गर्ने, गलत सूचना फैलाउने तथा डिजिटल बैंकिङसम्बन्धी अपराधका घटना बढिरहेका छन् । यस्ता



गतिविधिका कारण पीडितलाई छिटो न्याय दिन कठिनाइ भएको उनको भनाइ थियो । उनले प्रहरी कार्यालयमा साइबर अपराधसम्बन्धी दैनिक ८० देखि ९० वटा उजुरी आउने गरेको जानकारी दिए । गत वर्ष मात्रै साइबर बुलिङ र हिंसासम्बन्धी करिब तीन हजार उजुरी दर्ता भएका थिए भने विद्युतीय अपराधसम्बन्धी कुल १८ हजार ९२६ उजुरी परेको उनले बताए ।

सामाजिक सञ्जालमार्फत चरित्रहत्या, यौन हिंसा, गालीगलौज तथा मिथ्या सूचना फैलाउने गतिविधि बढ्दै गएको पनि उनले उल्लेख गरे । महानिरीक्षक कार्कीले जनशक्ति, प्रविधियुक्त संरचना र कानुनी सुधारको अभावका साथै सामाजिक सञ्जाल सम्पर्क केन्द्र नहुँदा अपराध नियन्त्रणमा चुनौती थपिएको बताए । 'हामीसँग विद्यमान कानुन पुरानो भइसकेको छ, सामाजिक सञ्जाल व्यवस्थापन विधेयक ल्याउनुपर्ने आवश्यकता छ र विद्युतीय कारोबार ऐन २०६३ संशोधन गर्नुपर्छ,' उनले भने । साथै विद्यालय, क्याम्पस र समुदायमा डिजिटल सचेतना कार्यक्रमलाई पनि सशक्त बनाउनुपर्नेमा उनले जोड दिए । रासस

# नीति, कार्यक्रम र बजेटमा
# बालबालिकालाई प्राथमिकता दिइने



**काठमाडौं ।**
सङ्घीय संसद् र प्रदेशसभाका सदस्यहरुले सरकारको आगामी नीति, कार्यक्रम र बजेटमा बालबालिका क्षेत्रलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

सांसदहरुले बालअधिकारमुखी बजेट र नीतिगत व्यवस्थाका लागि आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै बाल संरक्षणका कार्यक्रम कार्यान्वयन हुनुपर्नेमा जोड दिएका हुन् ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) ले बिहिबार सांसदहरूसँग आयोजना गरेको छलफल कार्यक्रममा विभिन्न पार्टीका सांसदहरूले बालबालिका र शिक्षामा हुने लगानी भविष्यको सुनिश्चितता भएकाले यस क्षेत्रमा बजेट वृद्धि हुनुपर्नेमा जोड दिए । बालबालिका क्षेत्रमा बजेट वृद्धि गर्ने, बालविवाह अन्त्यसम्बन्धी कार्ययोजनाको कार्यान्वयन, बालमैत्री स्थानीय शासनको प्रवद्र्धन, विद्यालय खाजा कार्यक्रमको वृद्धि, बाल पोषण भत्ता वृद्धि र देशभर विस्तार, बालबालिकासम्बन्धी ऐन र विद्यालय शान्ति क्षेत्र निर्देशिकाको संशोधनलगायत विषयमा सांसदहरूको समान मत रहेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधिसभा सदस्य भूमिका श्रेष्ठले यौनिक तथा अल्पसङ्ख्यक बालबालिकाको सवाललाई प्राथमिकता दिनुपर्ने बताइन् । नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य बासना थापाले बाल अधिकारका लागि भएका अन्तरर्राष्ट्रिय अभिसन्धी, नेपालको संविधान र विद्यमान ऐन अनुसार उचित बजेट र कार्यक्रम ल्याइनुपर्ने बताइन् ।

नेकपा (एमाले) का राष्ट्रियसभाका सदस्य रोश्नी मेचेले छलफलमा आएका अधिकारमुखी र सकारात्मक सुझावहरूलाई सदनमा आवाज उठाइने बताइन् । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का गणेश विकले बजेट निर्माणमा सांसदहरूको भूमिकालाई महत्त्व दिइनुपर्ने र बालबालिका क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताए । राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधिसभा सदस्य सरस्वती लामाले बाल विवाह अन्त्य, बाल हिंसाको अन्त्यजस्ता सवालमा सरकार गम्भीर हुनुपर्ने बताए ।

छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टीका ज्ञानु पौडेल, राजन गौतम, कांग्रेसका निनुकुमारी कर्ण, एमालेका साजिदा खातुन सिद्धिकी, एशुदाकुमारी बराल, नेकपाका पार्वती विकलगायत प्रतिनिधिसभा, राष्ट्रियसभा र बागमती प्रदेशसभाका गरी ३६ सांसद सहभागी थिए । सिजपका अध्यक्ष तिलोत्तम पौडेलले जनसङ्ख्याको ३३ दशमलव ८४ प्रतिशत रहेका बालबालिकासम्बन्धी राष्ट्रिय गौरवका योजना हुनुपर्ने र बाल बजेट सङ्केत कायम हुनुपर्नेमा जोड दिए । सो अभियानले यसअघि महिला, बालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता बादीलाई आगामी नीति, कार्यक्रम र बजेटमा समावेश हुनुपर्ने विषयहरूबारे ध्यानाकर्षण गराइसकेको छ । रासस

# विपद् आउनु अघि व्यवस्थापनको तयारीमा
# जुट्न समितिको निर्देशन



**काठमाडौँ ।**
विपद् आउनु अघि नै व्यवस्थापनको तयारी गर्न राष्ट्रियसभाका सदस्यहरुले निर्देशन दिएका छन् । राष्ट्रियसभा, सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको बिहिबार बसेको बैठकमा विपद्जन्य जोखिमको न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभको तयारीका विषयमा छलफलका क्रममा सो निर्देशन दिइएको हो ।

समितिका सभापति जयन्तीदेवी राईले अब मनसुन सुरु भएसँगै बाढीपहिरो जस्ता विपद्का घटना घटन सक्ने सम्भावना हुँदा त्यसको नियन्त्रणका लागि पूर्वतयारी जरुरी रहेको बताइन् । सभापति राईले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई विपद् आउनु अघि नै व्यवस्थापनको तयारी गर्न निर्देशन दिए ।

बैठकमा समितिका सदस्यहरु ललितजङ्ग शाही, श्रीकृष्णप्रसाद अधिकारी, दुर्गा गुरुङ, विष्णुकुमारी सापकोटा, धर्मेन्द्र पासवानलगायतले विपद् न्यूनीकरणका लागि जोखिम कम गर्ने कार्य योजना बेलैमा सुरु गर्नुपर्ने बताए ।

समितिका सदस्य पासवानले मधेस सुक्खा, बाढी, आगलागी, हावाहुरी, शितलहर लगायतका प्राकृतिक प्रकोपको जोखिममा पर्ने हुँदा बेलैमा प्रभावकारी कार्य योजना बढाउन सुझाव दिए ।

उनले भने 'सकेसम्म विपद् आउनु अघि नै हुन नदिने तयारीमा जोड दिनुपर्छ ।

भइसकेपछि व्यवस्थापनमा राहतको विषय प्राथमिकतामा राख्नुपर्छ । ' समितिको बैठकमा उपस्थीत गृह सचिव राजकुमार श्रेष्ठले विपद् व्यवस्थापनमा स्थानीय तहलाई बलियो बनाएर सहकार्य गर्नुपर्नेमा जोड दिए ।

राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले विपद् व्यवस्थापनका लागि विगतमा गरिएका प्रयास र यो वर्ष गर्न लागिएको तयारीबारे समितिमा ब्रिफिङ गरे । यसै क्रममा उनले विगतको तुलनामा गत वर्ष विपद्का कारण मानवीय क्षति कम भएको जानकारी दिए ।

कार्यकारी प्रमुख भट्टले यसलाई सकारात्मक शिक्षाको रुपमा ग्रहण गर्दै आगामी विपद् जोखिमबाट सुरक्षित हुन प्राधिरकणले कार्य योजना बनाइसकेको बताए । उनले कार्यपत्र प्रस्तुत गर्दै स्थानीय तह र त्यहाँका सरोकारवाला एवं सङ्घसंस्थासँग प्रत्यक्ष सहकार्य गरेर विपद् जोखिमका बेला अपनाउनु पर्ने आधार तयार गर्दै आएको सुनाए ।

सूचना संयन्त्रलाई व्यापक बनाउने, जनचेतना विस्तार गर्न सञ्चार माध्यमको प्रयोग बढाउनेदेखि विपद्सम्बन्धी सचेतना जगाउन विद्यालय पाठ्यक्रममा विषय समेट्नेलगायत दीर्घकालीन कार्य योजना बनाएको कार्यकारी प्रमुख भट्टले जानकारी दिए । रासस

# लुम्बिनी प्रदेशसभाको
# सातौँ अधिवेशन अन्त्य



**लुम्बिनी ।**
लुम्बिनी प्रदेशसभाको चालु (सातौँ) अधिवेशन अन्त्य गरिएको छ । प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेशसभाको चालु अधिवेशन अन्त्य गरिएको हो । बिहिबारको बैठकमा प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त भएको अधिवेशन अन्त्यसम्बन्धी पत्र सभामुख तुलाराम घर्तीमगरले पढेर सभामा सुनाए । प्रदेश प्रमुख कृष्णबहादुर घर्ती मगरले बिहिबार राति १२ः०० बजेदेखि लागू हुनेगरी अधिवेशन अन्त्य गरेको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता कमल ज्ञवालीले जानकारी दिए ।

प्रदेश सरकारको मन्त्रिपरिषद् निर्णयअनुसार मुख्यमन्त्री चेतनारायण आचार्यमार्फत गरिएको अनुरोधका आधारमा अधिवेशन अन्त्य गरिएको आज जारी विज्ञप्तिमा उल्लेख गरिएको छ । हिउँदे अधिवेशनमा १६ वटा बैठक बसेका थिए । प्रदेशसभाको बिहिबार बसेको १६औँ बैठकले जिल्लासभा तथा जिल्ला समन्वय समिति सञ्चालनसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको प्रतिवेदनसहितको विधेयक सर्वसम्मत पारित गरेको छ ।

मुख्यमन्त्री आचार्यको तर्फबाट भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकालले उक्त विधेयकमाथि 'छलफल गरी पारित गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । सभामुख घर्तीले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दै सर्वसम्मत पारित भएको घोषणा गरे । बैठकमा भौतिक पूर्वाधार विकास मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरूको उत्तर मन्त्री ढकालले दिएका छन् । त्यस्तै सामाजिक विकास समितिका सभापति यमबहादुर नेपालीले 'सामाजिक विकास समितिको वार्षिक प्रतिवेदन' सभासमक्ष पेस गरे । वसन्ती न्यौपाने, अम्बिका काफ्ले, यमूना रोका तामाङ, भण्डारीलाल अहिर, शान्ति लोध, भगवती अधिकारीलगायत प्रदेशसभा सदस्यहरूले बैठकको शून्य समयमा समसामयिक विषयमा आ–आफ्ना धारणा राखेका थिए । रासस

# विद्युतीय सवारीसाधन रूपान्तरणमा सरकारी सहयोगमा जोड

**ललितपुर ।**
हालै सिर्जित इन्धन समस्यालाई कम गर्न सरकारले इन्धनबाट सञ्चालित सवारीसाधनलाई विद्युतीय सवारीसाधनमा रुपान्तरण गर्न ल्याएको नीतिलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनुपर्नेमा सम्बन्धित विज्ञहरुले जोड दिएका छन् ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट), पुल्चोक क्याम्पस, थापाथली क्याम्पस र काठमाडौँ विश्वविद्यालयद्वारा यहाँ आज आयोजित 'नेपालमा इभी रूपान्तरणका सम्भावना, अवसर र चुनौतीहरू' विषयक कार्यशालामा सहभागी वक्ताहरुले सो कुरामा जोड दिएका हुन् । सो अवसरमा सवारीसाधानको आयातदेखि प्राविधिक विशेषताहरू र आर्थिक सम्भाव्यतासम्म इभी रूपान्तरणको पूर्ण स्पेक्ट्रम समेट्ने बारेमा पनि विज्ञहरुले धारणा राख्नुभएको थियो । विद्युतीय सवारीसाधन रूपान्तरणसम्बन्धी अनुसन्धानको वर्तमान अवस्था र आन्तरिक दहन इन्जिन (आइसिई) बाट फराकिलो रूपान्तरणका लागि देशमा हुनपर्ने तयारीबारे पनि छलफल भएको थियो ।

कार्यक्रममा नाष्टका सचिव रवीन्द्र ढकालले इभी रुपान्तरणका लागि आर्थिक, वातावरणीय पक्षहरुलाई ध्यानमा राखी नीति नियम र ठोस मापदण्ड बनाउनुपर्ने आवशयकता औँल्याएका छन् । नाष्टका प्राविधिक सङ्कायका प्रमुख रोशन पाण्डेले सरकारको नीतिको कार्यान्वयनका लागि इभी रूपान्तरण, यसको वर्तमान स्वरूपमा, औसत नेपाली उपभोक्ता वा सञ्चालकका लागि आर्थिक रूपमा विकल्प बन्नसक्नुपर्नेमा धारणा राखेका छन् ।

सो अवसरमा नेपालमा इभी आयातको वृद्धि र यस क्षेत्रलाई आकार दिने प्रमुख नीतिगत मार्गचित्रहरूको रूपरेखाका बारेमा विज्ञहरुद्वारा कार्यपत्र प्रस्तुत गरिएको थियो । रेट्रोफिटिङका प्राविधिक पक्षहरू अर्थात् आइसिइ सवारीसाधनलाई विद्युतीय पावर ट्रेनमा रूपान्तरण गर्ने प्रक्रिया घटक चयन गर्ने ।

# पर्यटकको अभावमा वनकरिया बस्तीको 'होमस्टे' बन्द



**बागमती ।**
मकवानपुरको मनहरी गाउँपालिका–४ मुसेधापस्थित लोपोन्मुख वनकरिया बस्तीको घरवास 'होमस्टे' बन्द भएको छ । लोपोन्मुख वनकरिया बस्तीलाई पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गरी, वनकवरिया समुदायको आर्थिक उत्थान र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण गरिएको होमस्टे पर्यटकको अभावमा बन्द भएको हो ।

तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई बसेको घरलाई स्तरवृद्धि गरी मनहरी गाउँपालिकाको पाँच लाखको सहयोगमा गत २०७७ सालमा निर्माण गरिएको दुई कोठे होमस्टेको बागमती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले शुभारम्भ गरेका थिए । पर्यटकको अभावसँगै उचित संरक्षण हुन सक्दा वनकरिया होमस्टेको संरचना जीर्ण अवस्थामा पुगेको स्थानीय आरती वनकरियाले बताइन् ।

'गाउँपालिकाले लगानी गरेपछि हामीले बाँस र परालको छाप्रो हालेर लिपपोत गरी चिटिक्क परेको होमस्टे बनाइयौँ', आरती वनकरियाले भनिन्, 'सुरुको केही वर्षसम्म काठमाडौँ, हेटौँडा, पोखरालगायतका ठाउँबाट अध्ययन गर्न थुप्रै सङ्ख्यामा विद्यार्थी र अनुसन्धानकर्ता आउनुहुन्थ्यो, हाम्रै होमस्टेमा लोकल कुखुराको मासु खाने र रमाइलो गर्नुहुन्थ्यो ।'

तर विस्तारै पर्यटक आउन छाडेपछि लामो समयदेखि प्रयोगमा नआउँदा होमस्टेको संरचना कमजोर भएको स्थानीय विष्णुमाया वनकरियाले बताइन् । उनका अनुसार बाँसले बारिएको संरचना चिराचिरा परेकोले होमस्टेमा बस्न सक्ने अवस्था छैन । वनकरिया समुदायको परिकारसहित अन्य रैथाने परिकार उपलब्ध गराउने र वनकरिया समुदायको आयआर्जनमा टेवा पु¥याउन व्यावसायिक रुपमा सञ्चालन गर्ने गरी निर्माण गरिएको होमस्टे यतिबेला जीर्ण अवस्थामा रहेको विष्णुमायाले बताइन् ।

'सरकारले हामीलाई जङ्गली जीवनबाट मुसेधापस्थित बस्तीमा स्थानान्तरण गएपछि हाम्रो विषयमा अध्ययन गर्न सुरु सुरुमा थुप्रै पर्यटकहरु आउथ्यो', वनकरिया बस्तीका अगुवा सन्तोषी वनकरियाले भनिन्, 'त्यतिबेला होमस्टे राम्रै चल्यो, तर पछिल्लो दुई वर्षदेखि पर्यटकहरु आउनै छाडेकाले होमस्टे जीर्ण भएको, त्यसैले हामी होमस्टे बन्द ग¥यौँ ।' पर्यटकको चहलपहल नहुँदा होमस्टेको संरक्षण र मर्मतमा मात्र खर्च गर्नुपर्ने र उत्पादनहीन बन्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

वनकरिया बस्तीलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने लक्ष्यका साथ होमस्टे सञ्चालन गरिए पनि पर्यटकको अभावमा होमस्टे सोचे अनुकूल चल्न नसक्दा बन्द गर्नुपर्ने बाध्यता भएको सन्तोषीले बताइन् । 'पहिलो कुरा त होमस्टे चलाउन पर्यटक चाहिन्छ, पर्यटक नै नआएपछि पैसा भएन र होमस्टेलाई व्यवस्थित रुपमा चलाउन सकिएन्', सन्तोषीले भनिन्, 'दोस्रो कुरा गाउँपालिकाले होमस्टे लगाउन लगानी त ग¥यो, तर पर्यटन प्रवद्र्धन गर्ने ठोस कार्यक्रम ल्याएनन्, जसका कारण विस्तारै पर्यटक आउनै छाड्यो ।'

वनकरिया बस्तीसम्म पर्यटकलाई ल्याउन सकिने गरी कार्यक्रम बनाउन सकिए अझै पनि होमस्टे राम्रोसँग सञ्चालन हुनसक्ने उनको कथन छ ।

नेपालकै लोपोन्मुख वनकरिया समुदायको बस्ती हेर्न र घुम्न आउने पाहुनालाई खाना खुवाउने व्यवस्था भए पनि राति बास बस्न सक्ने अवस्था नहुँदा होमस्टे धारासायी भएको स्थानीयको भनाइ छ । होमस्टे सञ्चालनसँगै त्यसको दिगोपन र व्यवस्थापनमा ध्यान दिन नसक्दा वनकरिया होमस्टे सङ्कटमा परेको मनहरी गाउँपालिका–४ का वडाध्यक्ष प्रकाश थापाले बताए ।

'होमस्टे त बनायो तर त्यसलाई दिगो र व्यवस्थित रुपमा कसरी सञ्चालकहरुले भने विषयमा सोचिएन्', वडाअध्यक्ष थापाले भने, 'जसको फलस्वरुप वनकरिया बस्तीको पहिचान झल्किने गरी बनाइएको होमस्टे बन्द हुन पुग्यो ।' वनकरिया बस्तीको होमस्टे बन्द भएपनि छिट्टै वनकरियाको होमस्टे सञ्चालनका लागि पहल भइरहेको वडाध्यक्ष थापाले बताए ।

कुनै बेला पर्साको मध्यवर्ती क्षेत्र चुरेघाँचमा फिरन्ते जातको रुपमा चिनिने लोपोन्मुख वनकरिया जातिलाई सरकारले २०६२ सालमा जङ्गली जीवनबाट मानव बस्तीमा सारिएको हो । उक्त बस्तीमा २४ घरपरिवार वनकरिया समुदायको बसोबास छन् । जिल्ला वन कार्यालय मकवानपुरले कबुलियती वन समूहअन्तर्गत नौ हेक्टर जमिन उपलब्ध गराएको थियो । त्यहीँ ठाउँमा ती जातिका व्यक्तिहरु करिब २० वर्षदेखि बन्दै आएका छन् । २०७८ सालको जनगणनाअनुसार वनकरिया जातीको कूल जनसङ्ख्या १८० र मतृभाषा बोल्ने जनसङ्ख्या ८६ मात्र छ ।

वनकरिया जातिको नेपालको त्यो बस्तीमा मात्र बसोबास रहेको वनकरिया समुदायकी अगुवा सन्तोषी वनकरियाले बताइन् । उक्त बस्तीमा हाल ४५ जना महिला र ४६ जना पुरुष गरी ९१ जना वनकरिया रहेको सन्तोषीको भनाइ छ । उनका अनुसार ती बस्तीका ९१ जनामध्ये ५० जनाको नागरिकता बनिसकेको र २६ जनाको मतदाता नामावलीमा समेत नाम छ । केही वर्षअघिसम्मका फिरन्ते वनकरियाले अहिले खेतीपातीसँगै कुखुरा, बाख्रा र भैँसी पालेका छन् भने कोही ज्याला मजदुरीको काम गर्ने गर्छन् । रासस

# मिठाई बेचेर खुसी कमाएका हरिबहादुर



**इलाम ।**
सालमा हरिबहादुर तामाङले पसल सुरु गर्दा इलामको फिक्कल बजार अहिलेजस्तो भीडभाड थिएन । साँघुरो सडक, पातलो बस्ती, साना घरहरु थिए । उनले भने, 'गाउँमा सडक थिएनन् । बजारमा खाजा पसल प्रशस्त थिएनन् । हिँडेर बजार आउनेहरु मेरैमा खाजा, खाना खान्थे ।' उनी सूर्योदय नगरपालिका–१० स्थित फिक्कल बजारमा तीन दशक यता निरन्तर मिठाई पसल सञ्चालन गर्दै आएका छन् ।

स्वदेशमा परिश्रम गरिरहेका तामाङले मिठाई बेचेर खुसी कमाइरहेको बताउँछन् । पचासदेखि ०५८ सालसम्म उनको व्यापार फस्टायो । सोही अवधि तराईमा घर किने । फिक्कल नजिकै नयाँचोकमा तीन ठाउँ जमिन जोडे । दुई जना छोरीलाई पढाएर अमेरिका र अस्ट्रेलिया पठाउने यही व्यापारले गर्यो । कान्छी छोरीलाई काठमाडौँ राखेर चार्टर एकाउन्टेन्ड र बिएबीएस पढाउने खर्च पनि यसै पसलले धानिरहेको छ ।

'झापाको विर्तामोडमा जोडेको घर, नयाँचोकमा जोडेका जमिनहरु त्यतिबेलाकै व्यापारले हो ।' उनी भन्छन्– '०५० सालमा फिक्कल आएर २२ हजार लगानीमा पसल सुरु गरेँ । महिनाको २०० भाडा तिर्नुपर्दथ्यो । पाँच रुपैयाँमा पेट अघाउने खाजा बेच्दा पनि पैसा कमाइयो । छोरीहरुलाई 'सेटल' गराएँ । मिठाई बेचेर खुसी कमाएको छु ।'

अहिले पनि उनको पसल (जनता मिष्ठान्न भण्डार) उत्तिकै चलेको छ । तर, त्यो बेलामा जस्तो नाफा हुँदैन । तामाङ भन्छन्, 'महँगी बढेको छ । सामान किनिसक्नु छैन । मान्छे त आइरहन्छन् । तर, प्रतिस्पर्धा बढ्यो । पसल धेरै छन् । तैपनि ६०–७० हजार बचाउँछु ।' उनको इमानदार सोच र निरन्तर श्रमले तीन छोरीको भविष्य बनायो । 'जेठी छोरीलाई काठमाडौँमा नर्सिङ पढाएर अमेरिका पठाएँ, माइली अस्ट्रेलियामा छिन्, कान्छी काठमाडौँमै चार्टर एकाउन्टेन्ड र बीएबीएस पढ्दैछिन् । मलाई सन्तोष छ ।' छोरीहरूको पढाइका लागि उनले बिर्तामोडमा बनाएको घर बिक्री गरेको बताए ।

समयसँगै व्यापारको स्वरूप फेरियो । पहिले फिक्कलस्थित पशुपतिनगर स्टेनमा रहेको त्यही पसल फिक्कल बजारको इलाम स्टेन मुनितिर सरेको २० वर्ष भयो । खाजाको मूल्य पाँचबाट बढेर १५० रुपैयाँ पुगेको छ । समोसा, सेलरोटी, पुरीदेखि लड्डु, खुर्मा, रसबरी, जेरी र भुजियासम्मका परिकार पाइने पसलमा अहिले दुई जना कर्मचारी छन् । उनीय भन्छन्, 'प्रतिस्पर्धा बढ्यो, ग्राहकको बानी फेरियो । अहिले जाँडरक्सी बेच्ने धेरै छन्, तर मैले कहिल्यै मदिरा, सुर्ती, चुरोट बेचिनँ ।'

२०४२ सालतिर उनी झापाको काँकडभिट्टामा रिक्सा चलाउँथे । ६ सय मजदुरको विश्वास जित्दै रिक्सा सङ्घको कोषाध्यक्ष बनेका थिए । पछि केही समय होटलमा पनि काम गरेर मिठाई पसल सुरु गरेको उनी बताउँछन् । आज पनि उनी पसलमै व्यस्त छन् । उमेर ढल्किँदै गए पनि कामप्रतिको लगाव उस्तै छ । 'काम नगरी हुँदैन, तर अहिलेका केटाकेटीले यस्तो दुःख गर्न चाहँदैनन्,' उनी भन्छन् ।

ऐतिहासिक गोर्खे बजार त्यो बेलाको व्यापारिक केन्द्र थियो । त्यहाँबाट सामान खरिद बिक्री गर्न भारी बोकेर आउजाउ गर्नुपर्दथ्यो । 'बिहानै भारी बोकेर फिक्कल हिँडिन्थ्यो । हरिको मिठाई पसलमा पुगेर खाजा खाने भन्दै जान्थ्यौँ । यी मान्छे पुराना हुन् । अहिले पनि उसैगरी व्यापार गर्छन् ।' गोर्खेका ७६ वर्षीय वीरबहादुर राईले सुनाए, 'अहिले पनि फिक्कल जाँदा हरिको पसलमा समोसा नखाई फर्किन्न । रासस

# होर्मुज खुलाउन इरानद्वारा अस्वीकार



**तेहरान ।**
अमेरिकी नौसेनाको नाकाबन्दी जारी रहेसम्म विश्वकै अत्यन्त संवेदनशील तेल मार्ग स्ट्रेट अफ होर्मुज पुनः नखोल्ने स्पष्ट अडान इरानले लिएको छ । युद्धविराम लम्ब्याइए पनि व्यवहारमा उल्लङ्घन भइरहेको आरोप लगाउँदै तेहरानले रणनीतिक जलमार्गमा नियन्त्रण कडा बनाएको छ र दुई विदेशी जहाज जफत गरेको जनाएको छ ।

यसैबीच क्षेत्रीय तनाव चर्किँदै जाँदा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार युद्धविरामलाई केही समय कायम राख्ने घोषणा गर्दै पाकिस्तानको मध्यस्थतामा शान्ति वार्तालाई अवसर दिन चाहेको बताएका छन् । इरानले भने पाकिस्तानको पहललाई स्वागत गरे पनि अमेरिकी घोषणाबारे थप प्रतिक्रिया दिएको छैन ।

इस्लामाबादमा भएको प्रारम्भिक वार्तामा इरानी टोलीको नेतृत्व गरेका संसद्का अध्यक्ष मोहम्मद बाघेर घालीबाफले नौसैनिक नाकाबन्दी कायम रहँदा युद्धविरामको अर्थ नरहने स्पष्ट पारे ।

उनका अनुसार युद्धविरामको स्पष्ट उल्लङ्घन भइरहेकाले होर्मुज जल डमरूमध्य खोल्ने अवस्था छैन ।

फेब्रुअरी २८ मा इजरायल र संयुक्त राज्य अमेरिकाले इरानमाथि आक्रमण गरेपछि तेल बजारमा अस्थिरता बढेको छ । युद्ध फेरि भड्किने आशङ्काले मूल्य उकालो लाग्दै आएको छ, यद्यपि अमेरिकी सेयर बजारले केही स्थिरता देखाएको छ । ट्रम्पले इरानको नेतृत्वलाई प्रस्ताव ल्याउन समय दिन खोजेको बताउनुभएको छ, जसलाई कतिपयले नयाँ युद्ध टार्ने कूटनीतिक प्रयासका रूपमा हेरेका छन् ।

इरानले वार्तामा औपचारिक सहभागिता पुष्टि नगरेको अवस्थामा अमेरिकी उपराष्ट्रपति जेडी भान्सको इस्लामाबाद भ्रमण स्थगित भएको छ । तथापि, ट्रम्पले केही दिनभित्रै वार्ता पुनः सुरु हुन सक्ने बताएका छन् । यसैक्रममा ट्रम्पले इरानले मृत्युदण्ड दिन लागेको भनिएका आठ महिलाको सजाय रोकिएको दाबी गरे पनि इरानी न्यायपालिकाले त्यसलाई 'गलत सूचना' भन्दै खारेज गरेको छ ।

उता, इरानको इस्लामिक रिभोलुसनरी गार्ड कप्सले होर्मुज हुँदै जाने दुई जहाज नियन्त्रणमा लिएको जनाएको छ । तीमध्ये पनामा झण्डा बोकेको 'एमएससी फ्रान्सेस्का' र लाइबेरियाको 'एपामिनोन्डास' रहेको बताइएको छ । पनामाले यस घटनालाई समुद्री सुरक्षामाथिको गम्भीर आक्रमण भनेको छ भने बेलायतस्थित समुद्री निगरानी संस्थाहरूले पनि जल डमरूमध्यमा सैन्य गतिविधि बढेको पुष्टि गरेका छन् ।

ओमान नजिकै एक कन्टेनर जहाजमाथि गोली प्रहार हुँदा संरचनात्मक क्षति पुगे पनि मानवीय क्षति नभएको रिपोर्ट सार्वजनिक भएको छ । उता, अमेरिकी सेनाले इरानी बन्दरगाहसँग सम्बन्धित जहाजहरू रोक्ने प्रयास जारी राखेको छ, जसले पूर्ण युद्ध बिना नै इरानमाथि आर्थिक दबाब बढाउने रणनीति देखिन्छ ।

यसैबीच पेन्टागनले अमेरिकी नौसेनाका सचिव जोन फेलानले तत्काल पद छोड्ने घोषणा गरेको छ, तर यसको कारण खुलाइएको छैन । रक्षामन्त्री पीट हेग्सेथको नेतृत्वमा उच्च तहमा फेरबदल भइरहेको सङ्केत देखिएको छ । इरानले अब होर्मुज हुँदै आवतजावत गर्ने जहाजहरूले अनुमति लिनुपर्ने व्यवस्था लागू गरेको छ । यसअघि युद्धविरामका बेला स्वतन्त्र आवागमन दिने बताएको इरानले अमेरिकी नाकाबन्दीपछि नीति कडा बनाएको हो । दुवै पक्षले एकअर्कालाई युद्धविराम उल्लङ्घनको आरोप लगाउँदै आएका छन् । यता इरानसँगको तनावबीच लेबनान र इजरायलबीचको अवस्था पनि तनावपूर्ण नै रहेको छ । युद्धविराम घोषणा भए पनि इजरायली आक्रमणमा थप पाँच जनाको ज्यान गएको लेबनानी सञ्चारमाध्यमहरूले जनाएका छन् । सीमा क्षेत्रमा भएको हमलामा पत्रकार अमल खलिलको मृत्यु भएको र अर्की पत्रकार जीनाब फराज घाइते भएकी छन् ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले संयुक्त राष्ट्रसङ्घका शान्तिरक्षकहरूमाथि भएको आक्रमणमा घाइते भएका दोस्रो फ्रान्सेली सैनिकको पनि मृत्यु भएको जानकारी दिए । उक्त घटनाको जिम्मेवारी हिजबुल्लाहले अस्वीकार गरेको छ । इजरायल र लेबनानबीच वासिङ्टनमा हुने दोस्रो चरणको वार्तामा युद्धविराम एक महिना थप गर्न आग्रह गरिने बताइएको छ । लेबनानले इजरायली आक्रमण रोक्न र युद्धविरामको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न दबाब दिने तयारी गरेको छ । रासस

# होर्मुजमा बारुदी सुरुङ सफाइमा ६ महिना लाग्ने चेतावनी



**वासिङ्टन ।**
विश्व ऊर्जा आपूर्तिको अत्यन्त संवेदनशील मार्ग मानिने स्ट्रेट अफ होर्मुजमा राखिएका बारुदी सुरुङ (समुद्री माइन्स) पूर्ण रूपमा हटाउन कम्तीमा छ महिना लाग्न सक्ने अमेरिकी रक्षा मूल्याङ्कन सार्वजनिक भएको छ । यसले युद्ध अन्त्य भए पनि तत्काल ऊर्जा बजार स्थिर नहुने सङ्केत दिएको छ । अमेरिकी रक्षा मन्त्रालय पेन्टागनको आन्तरिक मूल्याङ्कनलाई उद्धृत गर्दै वासिङ्टन पोस्टले जनाएअनुसार इरानले जलमार्गमा राखेका बारुदी सुरुङहरू हटाउने प्रक्रिया अत्यन्त जटिल हुने देखिएको छ । यसले तेल र ग्यासको आपूर्तिमा लामो समयसम्म अवरोध कायम रहन सक्ने चिन्ता बढाएको छ ।

हाल इरान र संयुक्त राज्य अमेरिका तथा इजरायल बीच जारी द्वन्द्वका कारण उक्त जलमार्ग तनावपूर्ण बनेको छ । सामान्य अवस्थामा विश्वको करिब पाँचौँ भाग तेल र ग्यास यही मार्ग हुँदै बग्ने भएकाले यसको अवरोधले विश्वव्यापी ऊर्जा बजारमा गम्भीर असर परेको छ । अस्थिर युद्धविराम जारी रहे पनि होर्मुज क्षेत्र अझै पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन, किनभने अमेरिकाले नाकाबन्दी पनि कायम राखेको छ । पेन्टागनको मूल्याङ्कनअनुसार युद्ध समाप्त भए पनि र नाकाबन्दी हटे पनि खतराजन्य संरचना सफा गर्न महिनौँ लाग्नेछ र युद्ध समाप्त नभएसम्म यस्तो अभियान सुरु हुने सम्भावना न्यून छ ।

उक्त छ महिनाको अनुमान अमेरिकी संसद्को हाउस आम्र्ड सर्भिस कमिटीका सदस्यहरूलाई दिइएको गोप्य ब्रिफिङमा प्रस्तुत गरिएको बताइएको छ । जानकारीअनुसार इरानले होर्मुज र आसपास क्षेत्रमा करिब २० भन्दा बढी बारुदी सुरुङ राखेको हुन सक्ने अनुमान गरिएको छ, जसमा केही आधुनिक प्रविधिबाट टाढैबाट सक्रिय गर्न सकिने किसिमका भएकाले पहिचान र निष्क्रिय पार्न अझ कठिन भएको छ ।

यद्यपि, पेन्टागनका प्रवक्ता सीन पार्नेलले उक्त मूल्याङ्कनमा आधारित विवरणहरू 'गलत' भएको प्रतिक्रिया दिनुभयो ।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कप्सले करिब एक हजार ४०० वर्गकिलोमिटर क्षेत्रलाई 'खतराको क्षेत्र' घोषणा गरेको छ । यो पेरिसको आकारभन्दा १४ गुणा ठूलो रहेको बताइएको छ । यसले समुद्री मार्ग अझ असुरक्षित बनेको सङ्केत गरेको छ ।

यसअघि इरानले अमेरिकी नौसैनिक नाकाबन्दी कायम रहेसम्म होर्मुज नखोल्ने अडान दोहो¥याइसकेको छ । उता अन्तर्राष्ट्रिय ढुवानी कम्पनीहरूले पनि जोखिमका कारण वैकल्पिक मार्ग खोज्न थालेका छन् । जर्मनीस्थित हपाग–लोयडका प्रतिनिधिहरूले ढुवानी सञ्चालनका लागि स्पष्ट र सुरक्षित मार्ग आवश्यक रहेको बताएका छन् । युद्धविराम सुरु भएलगत्तै केही समयका लागि जलमार्ग आंशिक रूपमा खुला भए पनि आक्रमण र बारुदी सुरुङको डरले अत्यन्त सीमित जहाज मात्र आवतजावत गरेका थिए । यसअघि अमेरिकी नौसेनाले खानी हटाउने प्रयास गरेको दाबी गरे पनि इरानले त्यसलाई अस्वीकार गर्दै आफ्ना जलक्षेत्रमा प्रवेश गर्ने सैन्य जहाजलाई चेतावनी दिएको थियो क ।

यसैबीच लन्डनमा बेलायत र फ्रान्सको पहलमा ३० भन्दा बढी देशका सैन्य योजनाकारहरू सहभागी बहुराष्ट्रिय वार्ता भइरहेको छ, जसमा युद्धपछि होर्मुज पुनः खोल्ने र बारुदी सुरुङ हटाउने योजनाबारे छलफल भइरहेको छ । प्रस्तावित 'रक्षात्मक गठबन्धन' ले समुद्री सुरक्षा सुनिश्चित गर्दै जलमार्ग पुनः सञ्चालनमा ल्याउने लक्ष्य राखेको बताइएको छ । रासस

# नगर प्रमुखको तलब–भत्ताबाट विपन्नको स्वास्थ्य बिमा



**चितवन ।**
रत्ननगर नगरपालिकाका प्रमुख प्रह्लाद सापकोटाले आफ्नो सेवा सुविधाबाट प्राप्त गर्ने रकमबाट ३७ परिवारको स्वास्थ्य बिमा गरिदिएका छन् । उनले हालै वडा कार्यालयहरूको सिफारिसका आधारमा छनोट भएका ती अतिविपन्न तथा गरिब परिवारको निःशुल्क स्वास्थ्य बिमा गरिदिएका हुन् । ती परिवारहरूको बिमा शुल्क नगर प्रमुख सापकोटाले आफ्नो पछिल्लो तीन महिनाको तलब–भत्ताबाट व्यहोरेका हुन् ।
प्रमुख सापकोटाले यसअघि पनि तलब–भत्ता र 'मायाको चिनो'बापतको रकमबाट २०० परिवारको निःशुल्क स्वास्थ्य बिमा गरिसकेका छन् । उनका अनुसार वार्षिक रूपमा करिब तीन हजार ५ सय परिवारलाई स्वास्थ्य बिमामा समेट्न कार्यक्रम सञ्चालन गरिएको थियो । तर, कार्यक्रम 'जेन्जी आन्दोलन'पछि रोकिएको छ ।
नगरपालिकाले फजुल खर्च कटौती गर्ने उद्देश्यले औपचारिक कार्यक्रममा खादा तथा 'मायाको चिनो' नलिने नीतिगत निर्णय गरेको छ । सोही निर्णयअनुसार विभिन्न सङ्घ–संस्थाले प्रदान गर्न चाहेको मायाको चिनो बराबरको रकम स्वास्थ्य शाखाको कोषमा जम्मा गरिँदै आएको छ । रकमसमेत निःशुल्क स्वास्थ्य बिमा तथा अन्य सामाजिक काममा परिचालन गरिने गरिएको छ । यसअघि प्रमुख सापकोटाले आफ्नो तीन महिनाको तलबबाट रत्ननगर–१२ स्थित एक आधारभूत विद्यालयका विद्यार्थीलाई कापी–कलम तथा ट्र्याकसुट वितरण गरेका छन् ।
प्रमुख सापकोटाले भने, 'निःशुल्क स्वास्थ्य र शिक्षा जनताको नैसर्गिक अधिकार हो । राज्यले सबैलाई यो सेवा निःशुल्क उपलब्ध गराउनुपर्छ ।
आगामी आर्थिक वर्षको बजेटमा विपन्न वर्गका लागि थप प्रभावकारी स्वास्थ्य बिमा कार्यक्रम समेट्ने हाम्रो लक्ष्य छ । ' उनले १०० भन्दा बढी विद्यार्थीलाई व्यक्तिगत रूपमा छात्रवृत्ति पनि प्रदान गर्दै आएका छन् । नगर प्रमुख सापकोटाका अनुसार विपन्न नागरिकले रत्ननगर बकुलहर अस्पतालबाट स्वास्थ्य बिमाको लाभ लिन सक्नेछन् । उपचारमा समस्या हुने नागरिकका लागि ३० लाख रुपैयाँ 'स्वास्थ्य उपचार अक्षयकोष' स्थापना गरिएको छ । साथै भरतपुर अस्पतालमा विपन्न उपचार कोष, क्यान्सर अस्पताल चितवनमा थप रु २५ हजार उपचार सहयोग तथा रत्ननगर–२ मा निःशुल्क ब्लड बैंक सेवा सञ्चालनमा रहेको पालिकाले जनाएको छ । रासस

# वर्षौंदेखि जीर्ण नहर मर्मत नहुँदा किसान मर्कामा



**पर्वत ।**
वर्षौंदेखि जीर्ण अवस्थामा रहेको सिँचाइ नहर मर्मत नहुँदा धानखेतीको पकेट क्षेत्रका रूपमा रहेको पर्वतको फलेवासका किसान मर्कामा परेका छन् । फलेवास नगरपालिका–४, ५ र ६ का किसानले सिँचाइका लागि ४० वर्षदेखि प्रयोग गर्दै आएका उक्त सिँचाइ नहर मर्मत नहुँदा समस्यामा परेका हुन् । विसं २०४१ मा निर्माण भएको नहर हालसम्म मर्मत नभएको स्थानीय बताउँछन् । सात किलोमिटर लामो नहर फलेवास र माटेदवल गरी दुई शाखामा विभाजन गरिएको छ । शाखा नहर पनि मर्मत नहुँदा जीर्ण अवस्थामा पुगेको किसानको गुनासो छ ।
नहरबाट करिब एक हजार १०० परिवार लाभान्वित हुँदै आएका फलेवास–६ देविस्थानका कृषक ओमप्रसाद भुसालले जानकारी दिए । धान, आलु, गहुँ, तोरी, फापर, जौलगायत विभिन्न खाद्यान्न बाली उत्पादन हुँदै आएको उनले बताए । उक्त नहरबाट २९६ हेक्टर जमिनमा सिँचाइ हुँदै आएको छ । लमायखोलाको मुहानबाट सुरु हुने फलेवास सिँचाइ नहर जिल्लाको सबैभन्दा ठूलो र लामो नहरका रूपमा चिनिने फलेवास जल उपभोक्ता समितिका सचिव किशोर रेग्मीले जानकारी दिए । नहर मर्मत नहुँदा हिउँदे सिँचाइ ठप्प बनेको छ भने वर्षायाममा धानको बीउ राख्न र रोपाइँ गर्न समस्या हुँदै आएको किसान भुसालले गुनासो गरे । नहर मर्मतका लागि कुनैपनि निकायवाट पहल नभएको उनको भनाइ छ ।
'सिँचाइ नहर मर्मत नहुँदा पानी पाइँदैन, खेतबारीमा उब्जनी पनि घट्दै गएको छ । कतिपय खेत बाँझै राख्नुपर्ने अवस्था छ । बर्खामा खेती गर्ने ठाउँमा नहर नबन्दा हिउँदमा खेती गर्न पाइएको छैन । हरेक वर्ष पहिरो पन्छाउँदै नहर सफा गर्दै पानी ल्याउनुपर्ने बाध्यता छ', उनले भने । पछिल्लो समय जीर्ण नहर् मर्मत नहुँदा समस्या झन् जटिल बन्दै जाँदा बर्सेनि पहिरोको जोखिम पनि बढाएको किसान रमेश चापागाईंले बताए । वर्षायाम सुरु भएसँगै नहरका विभिन्न स्थानमा पहिरो खस्ने र संरचना भत्किने क्रम दोहोरिने गरेकाले सरोकार भएका निकायले तत्काल समस्या समाधान गर्नुपर्नेमा उनले जोड दिए । किसानले सामान्य मर्मत गरेर प्रयोग गरे पनि केही समयपछि पुनः बिग्रने भएकाले समस्या दीर्घकालीन रूपमा समाधान हुन नसकेको उनको भनाइ छ ।
तीनै तहका सरकारको बेवास्ताका कारण उर्बरभूमि बाँझो हुँदै गएको चापागाईंले बताए । एकातिर पानीको स्रोत सुक्ने, अर्कोतर्फ नहर मर्मत नहुने कारणले किसानको खेतीपातीतर्फ आकर्षण घट्दै गएको चापागाईंले धारणा राखे ।
नहर सुधारका लागि बर्सेनि बजेट आउने गरेको भन्दै उनले त्यो अत्यन्त न्यून हुने गरेकाले दीर्घकालीन समाधान भने हुन नसकेको बताए । फलेवास जल उपभोक्ता समितिका सचिव रेग्मीका अनुसार नहर मर्मतका लागि आवश्यक बजेट नहुँदा समस्या झन् जटिल बन्दै गएको छ । गत आर्थिक वर्ष २०८१–०८२ मा नहर मर्मतका लागि ७० लाख बजेट आएको जनाउँदै उनले यस वर्ष घटेर १० लाखमा सीमित भएको बताए ।
'गत वर्ष आएको बजेटले करिब ३०० थान ग्यावियन जाली भर्ने र ४५ मिटर वाल लगाउने काम गऱ्यौँ, तर त्यो पनि पर्याप्त भएन । अझै थप काम गर्नुपर्ने देखिएको छ', रेग्मीले भने । उनका अनुसार यस वर्ष आएको रु १० लाखबाट देवीस्थानस्थित नगर अस्पताल नजिकको शाखा नहरमा मेसिनरी वाल लगाउने तयारी गरिएको छ । नहरलाई दीर्घकालीन रूपमा सुधार गर्न कम्तीमा तीन करोड आवश्यक पर्ने समितिका सचिव रेग्मीले अनुमान गरे । 'त्यो रकम उपलब्ध भए अझै करिब पाँच किलोमिटर नहर आरसिसी गर्न पाएमा सिँचाइ तथा पहिरोको समस्या कम हुने थियो', उनले भने ।
हाल मुख्य नहरका स्लेपहरू जीर्ण भइसकेका छन् भने शाखा नहरहरूको अवस्था पनि उस्तै छ । माटोको कुलो भएकाले पानी चुहिने समस्या बढ्दै गएको छ । उपभोक्ता समितिका सदस्य दुर्गादत्त तिवारीले नहर मर्मत तथा व्यवस्थापनमा नगरपालिका र प्रदेश सरकारले विशेष पहलसहित समस्या समाधान गर्नुपर्नेमा जोड दिए । दीर्घकालीन रूपमा समस्या समाधान नहुँदा स्थानीय किसान प्रत्यक्ष मारमा परेका उनको भनाइ छ । तिवारीका अनुसार किसानले दीर्घकालीन समाधानका लागि पक्की नहर निर्माण, पहिरो नियन्त्रणका ठोस उपाय, पानीका स्रोतको संरक्षण तथा पर्याप्त बजेट विनियोजन गर्न सम्बन्धित निकायसँग माग गरेका छन् । सिँचाइको समस्या समाधान नहुँदा कृषिमा निर्भर अधिकांश किसान प्रत्यक्ष मारमा परेका हुन् । रासस

# पोखरामा प्रहरीको 'स्वीप अप्रेसन', एकै रातमा १२२ जना पक्राउ

**गण्डकी ।**
जिल्ला प्रहरी कार्यालय, कास्कीले गए राति पोखराका पाँच ठाउँमा 'स्वीप अप्रेसन' चलाएको छ । सो अप्रेसनका क्रममा अवैध गतिविधि गर्ने १२२ जनालाई नियन्त्रणमा लिइएको कार्यालयले जनाएको छ ।
रातको समयमा होहल्ला गर्ने, सार्वजनिक शान्ति सुरक्षामा खलल पुऱ्याउने, गाँजालगायत अवैध लागूऔषध सेवन गर्नेलाई नियन्त्रणमा लिइएको कार्यालयका प्रहरी निरीक्षक एवं निमित्त सूचना अधिकारी गणेश पाण्डेले बताए ।
'पक्राउ परेकामध्ये ८२ जनाले लागूऔषध सेवन गरेको पाइएको छ, केहीको साथमा गाँजासमेत फेला परेको छ', उनले भने, 'बैदाम, रामबजार, शिशुवा, बगर र जिल्ला प्रहरी कार्यालय रहेको क्षेत्रमा एकैसाथ स्वीप अप्रेसन सञ्चालन गरिएको थियो ।'
बैदाम क्षेत्रबाट ३९ जना, राजबजार क्षेत्रबाट ४० जना, शिशुवाबाट २० जना, बगरबाट १२ जना र जिप्रका आसपासबाट ११ जनालाई पक्राउ गरिएको प्रहरी निरीक्षक पाण्डेले जानकारी दिए । जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी युनिटबाट खटिएको टोलीले 'स्विप अप्रेसन' चलाएको हो ।
गए राति पक्राउ पर्ने सबै पुरुष र त्यसमध्ये अधिकांश युवा उमेर समूहका रहेको उनको भनाइ छ । केही दिनअघि लेकसाइड क्षेत्रमा पर्यटकलाई दुःख दिने र ठगी गर्ने महिलाहरूलाई नियन्त्रणमा लिई कारबाही प्रक्रिया अगाडि बढाइएको छ । रासस

# नवलपुरका अधिकांश स्थानीय तहमा पठनपाठन सुरु

**नवलपरासी ।**
नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को अधिकांश स्थानीय तहले नियमित पठनपाठन सुरु गरेका छन् । सङ्घीय सरकारले शैक्षिक सत्र २०८३ का लागि तय गरेको समय तालिका अगाडि नै जिल्लाका अधिकांश स्थानीय तहले पठनपाठन सुरु गरेका हुन् । सङ्घीय सरकारले वैशाख १५ गतेदेखि विद्यार्थी भर्ना अभियान र २१ गतेदेखि मात्र नियमित कक्षा सञ्चालन गर्ने निर्णय गरेको भए पनि अधिकांश स्थानीय तहले शैक्षिक क्यालेन्डरमा प्रभाव पर्ने भन्दै नियमित कक्षा सुरु गरेका हुन् । जिल्लाको मध्यविन्दु नगरपालिकाले वैशाख ७ गतेदेखि नै पठनपाठन सुरु गरिसकेको छ ।
पालिकाका नगर शिक्षा अधिकारी पदमराज आचार्यले पालिकामा रहेका समुदायिक विद्यालयका प्रधानाध्यापकहरुको अनुरोधअनुसार नगरप्रमुखले पठनपाठन सुरु गर्न सहजीकरण गरेको बताए । 'सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको बैठकले आइतबार पनि बिदा हुने भएपछि पढाइ थोरै दिन हुने भन्दै पालिकाको शैक्षिक क्यालेन्डरअनुसार पठनपाठन सुरु गर्न अनुरोध गर्नुभयो,' उनले भने, 'प्रअहरुले अनुरोध गरेपछि वैशाख २ देखि ६ गतेसम्म भर्ना अभियान र ७ गतेदेखि नियमित कक्षा सुरु गर्न नगर प्रमुखबाट सहजीकरण भयो ।'




अहिले पालिकामा रहेका सबै सामुदायिक र संस्थागत विद्यालयमा पठनपाठन सुरु भइसकेको उनले जानकारी दिए । त्यसैगरी, कावासोती नगरपालिका, गैँडाकोट नगरपालिका र हुप्सेकोट गाउँपालिकाले पनि मङ्गलबार र बुधबारदेखि पढाइ सुरु गराएका छन् । कावासोती नगरपालिकाका शिक्षा अधिकृत राजन पाण्डेले पालिकाभित्रका विद्यालयहरुले मङ्गलबारदेखि नियमित पठनपाठन सुरु गरिसकेको जानकारी दिए ।
हुप्सेकोट गाउँपालिका शिक्षा शाखा प्रमुख माधवराज गौतमले पालिकामा बुधबारदेखि नियमित पठनपाठन सुरु गरिएको जानकारी दिए । जिल्लाको बुलिङटार गाउँपालिका र बौदिकाली गाउँपालिकाले भने बिहीबारदेखि नियमित शिक्षण अभ्यास सुरु गर्ने भएका छन् । बौदिकाली गाउँपालिका शिक्षा शाखा प्रमुख जीवलाल भुसालले कार्यपालिका बैठक बसेर बिहीबारदेखि पढाइ सुरु गर्ने निर्णय गरेको जानकारी दिए ।
जिल्लाको देवचुली नगरपालिका र विनयीत्रिवेणी गाउँपालिकाले भने सङ्घीय सरकारको निर्देशनविरुद्ध नजाने निर्णय गरेका छन् । देवचुली नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका उपसचिव रामप्रसाद शर्माले विद्यालयको पठनपाठन अगाडि गर्ने भनेर कार्यपालिका बैठक बसेको भए पनि पारित हुन नसकेको बताए । संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको भन्दै स्थानीय तहहरुले विद्यालय खुलाएका हुन् । एउटै जिल्लामा पनि फरक–फरक मितिमा विद्यालय खुल्दा अभिभावकहरु भने अन्यौलमा परेका छन् । रासस

# चारदिने नमूना बाल नगरसभा सम्पन्न




**भक्तपुर ।**
सूर्यविनायक नगरपालिकाको सभा हल । मञ्चमा १५ वर्षीया सुरबी बस्नेत नगरसभाको सभापति बनेर सभा सञ्चालन गरिरहेकी थिइन् । तर यो कुनै असली नगरसभा भने थिएन । देशको राज्य व्यवस्था सञ्चालन र सुशासन' बालबालिकालाई जानकारी दिने उद्देश्यले सूर्यविनायक नगरपालिकाको आयोजना, कन्र्सोटियम नेपालको सहआयोजना तथा सिविसलगायतका संस्थाको सहयोगमा सूर्यविनायक नगरपालिकाभित्रका वडा नं– १ देखि १० सम्मका विभिन्न बाल क्लबका प्रतिनिधि एवं बालबालिकाहरुलाई नमूना बाल नगरसभा सम्बन्धी तालिम सञ्चालन गर्दाको दृश्य हो ।
सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापाले भोलिका कर्णाधारका रूपमा रहेका बालबालिकालाई वडा तहदेखि नगरपालिका र संसद्सम्मको व्यवस्था सञ्चालन कसरी गर्ने भन्ने'दयगतमा जानकारी दिन नमूना बालसभा उपलब्धिमूलक रहेको बताए ।
बाल सहभागिता संविधानदेखि व्यवहारसम्म भन्ने मूल उद्देश्यका साथ सञ्चालन भएको सभा आजको समापन कार्यक्रममा नगरपालिकाकी उपप्रमुख सरिता भट्टराई तिमल्सिनाले बालबालिकाको आवाज र नीतिमा सकारात्मक ऊर्जा दिएको बताइन् । बालबालिकाहरुले नैसभा सञ्चालन गर्ने, सभामा सभापति, उपसभापित, सचिव, कार्यपालिकाका सदस्यहरुको चार दिन अगाडि निर्वाचन गराएर विजयी गराइ नमूना सभाको अभ्यास गराइ आज सम्पन्न गरिएको कन्र्सोटियम नेपालकी उपाध्यक्ष एवं सिविसकी महासचिव अनिता पाण्डेले जानकारी दिए ।
बालबालिकामा नेतृत्व, आत्मविश्वास र अभिव्यक्ति क्षमता विकास गर्ने र वडा तहदेखि नगरपालिका हुँदै संसद्सम्म ऐन, नीति, नियम कसरी निर्माण गर्ने, जनताको आवश्यकताको पहिचान कसरी गर्ने, सुशासन कसरी कायम गर्ने, निर्वाचन कसरी गर्ने, निर्वाचन पछि राज्य व्यबस्था सञ्चालन कसरी गर्ने भन्नेमा प्रयोगात्मक रुपमा अभ्यास गरी बालबालिकालाई सक्षम बनाइएको उनले बताए । रासस

# प्राथमिक उपचार तालिम: विपद् व्यवस्थापनमा सहयोग

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाको आर्थिक तथा नेपाल रेडक्रस सोसाइटी काठमाडौँ शाखाको प्राविधिक सहयोगमा सञ्चालित प्राथमिक उपचार तालिम प्रभावकारी बनेको छ । यसका लागि महानगरपालिका र सोसाइटीबीचमा सम्झौता समेत भएको छ । हालसम्म ६ वडाका १५१ जनालाई प्राथमिक उपचार तालिम प्रदान गरिएको छ । लाभान्वित हुनेमा ११४ महिला र ३७ पुरुष रहेका छन् ।
नेपाल रेडक्रस सोसाइटी काठमाडौँका सभापति श्यामकाजी डोटेलले प्राथमिक उपचार प्रदान गरेमा विपद्को बेलामा हुनसक्ने घटनामा उद्धार र प्राथमिक उपचार प्रदान गर्न सहज हुने बताए । टोलमा युवाहरुको सङ्ख्या घट्दै गएको बेलामा महिलाले यस्ता तालिम लिँदा वृद्धवृद्धालाई सहयोग पुग्ने उनको भनाइ छ । काठमाडौँ महानगरपालिका महामारी रोग रोकथाम तथा नियन्त्रण कार्यक्रमका फोकल पर्सन ऋषिप्रसाद भुषालले यस्ता तालिम आपत्काल व्यवस्थापनका लागि उपयोगी हुने जानकारी दिए । उक्त तालिमलाई महानगरभित्रका ३२ वडामै प्रदान गरिने महानगरले जनाएको छ ।
यसरी लिएको तालिमबाट प्राप्त गरेको प्रमाणपत्र नेपालसहित १९२ देशमा मान्य हुनेछ । तालिममा दुर्घटना, चोटपटक वा स्वास्थ्यजन्य आपत्कालीन परिपस्थितिमा आफू नजिक रहेका साधन तथा वस्तुको उपयोग अवस्था बिग्रिन नदिने, स्थिर बनाउने र सुधार गराउने सीप सिकाइन्छ । दुर्घटना, चोटपटक, अचानक बिरामी पर्ने अवस्थाजस्ता स्वास्थ्यजन्य आपत्कालीन परिस्थितिमा बिरामीलाई अस्पताल पुऱ्याउनुअघि अवस्था थप बिग्रिन नदिनु तालिम सञ्चालनको मुख्य उद्देश्य रहेको काठमाडौँ महानगरपालिकाले जनाएको छ । उक्त तालिममा दुर्घटना स्थलमा आफ्नो र घाइतेको सुरक्षा, घाइतेको अवस्था प्रारम्भिक जाँच, मुटुको धड्कन वा श्वासप्रश्वास बन्द भएको व्यक्तिलाई छाती थिचेर र कृतिम श्वास दिएर पुनर्जीवित गराउने विधि (सीपीआर), रक्तश्राव नियन्त्रण गर्ने तरिका सिकाइन्छ । रासस

# सडक विस्तारको असरः वीरगंजमा सटर अभाव र भाडा वृद्धि



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा मुख्य सडक विस्तार अभियानले तीव्रता पाएसँगै व्यापारिक क्षेत्र गम्भीर रूपमा प्रभावित भएको छ । सडक डिभिजन कार्यालय हेटौँडाले आइतबारदेखि मुख्य सडकको दायाँ–बायाँ २५–२५ मिटरभित्रका संरचना हटाउन थालेपछि ठूलो संख्यामा व्यवसायी विस्थापित भएका छन्, जसको प्रत्यक्ष असर बजार व्यवस्थापनमा देखिएको छ ।

मेन रोडका सटरहरू हटाइएपछि व्यवसायीहरू वैकल्पिक स्थानको खोजीमा सहायक सडकतर्फ धकेलिएका छन् । तर त्यहाँ पनि सटरको अभाव चुलिँदै गएको छ ।

नयाँ व्यवसाय सुरु गर्न चाहनेहरू मात्र होइन, वर्षौंदेखि व्यापार गर्दै आएका पुराना व्यवसायीहरू समेत सटर नपाउने समस्यामा परेका छन् । उपलब्ध सटरहरूमा समेत अस्वाभाविक रूपमा भाडा बढाइएको व्यवसायीहरूको गुनासो छ ।

घरधनीहरूले यही अवस्थालाई अवसरका रूपमा उपयोग गर्दै मनपरी भाडा वृद्धि गरेको आरोप व्यापारीहरूले लगाएका छन् । यसले साना तथा मझौला व्यवसायीहरूलाई थप आर्थिक दबाबमा पारेको देखिन्छ ।

यसैबीच, वीरगंज महानगरपालिकाले बजारमा देखिएको अव्यवस्था नियन्त्रण गर्न सक्रियता देखाउने संकेत दिएको छ । मेयर राजेशमान सिंहले सडक विस्तारका कारण व्यवसायीहरूलाई परेको असरप्रति महानगर गम्भीर रहेको जनाउँदै यस्तो संवेदनशील समयमा अनुचित रूपमा भाडा बढाउने वा पुराना व्यवसायीलाई हटाएर बढी भाडा दिने नयाँ व्यक्तिलाई सटर उपलब्ध गराउने प्रवृत्ति अस्वीकार्य हुने बताएका छन् ।

महानगरले अब अनुगमनलाई तीव्र बनाउने तयारी गरेको छ । यदि कसैले जबरजस्ती सटर खाली गराएको वा अस्वाभाविक रूपमा भाडा बढाएको पाइएमा कानुनी कारबाही गरिने चेतावनी मेयर सिंहले दिएका छन् । आवश्यक परे जरिवाना, अनुमति खारेजीजस्ता कडा कदम चाल्न पनि पछि नहट्ने उनले स्पष्ट पारे । साना तथा मझौला व्यवसायीको संरक्षणमा महानगर प्रतिबद्ध रहेको उल्लेख गर्दै सिंहले बजारलाई सन्तुलित बनाउन, भाडा दरलाई व्यवस्थित गर्न र विस्थापित व्यवसायीलाई सहजीकरण गर्न विशेष कार्ययोजना ल्याइने जानकारी दिए । उनले घरधनीहरूलाई सामाजिक उत्तरदायित्व बुझ्न आग्रह गर्दै अहिलेको समय अत्यधिक नाफा कमाउने होइन, सहकार्य र सहअस्तित्वको भावना अपनाउने समय भएको बताए ।

सडक विस्तारपछि उत्पन्न सटर अभावले वीरगंजको व्यापारिक वातावरण थप जटिल बनेको छ । विस्थापित व्यवसायीहरू नयाँ सटरको खोजीमा भौँतारिन बाध्य छन् भने बजारमा भाडा दर अनियन्त्रित रूपमा उकालो लागेको छ । वीरगंज–९ घण्टाघर क्षेत्रका एक मोबाइल व्यवसायीका अनुसार केही वर्षअघि १० हजार रुपैयाँमा लिइएको सटरको भाडा क्रमशः बढ्दै अहिले ३० हजारभन्दा माथि पुगेको छ । बिजुली, इन्टरनेटलगायतका खर्च जोड्दा मासिक खर्च ३५ हजार नाघ्ने गरेको उनको भनाइ छ । घरधनीले अझै भाडा बढाउने संकेत गरेपछि सानो व्यवसाय धान्न झनै कठिन भएको उनले बताए ।

यस्तै, मुख्य बजार क्षेत्रमा सटर अभाव बढेसँगै सहायक सडकहरूमा समेत चाप बढेको छ । त्यसको असर घरभाडामा पनि देखिएको छ । पहिले ८–१० हजार रुपैयाँमा पाइने कोठा अहिले १५–२० हजार रुपैयाँसम्म पुगेको छ । स्पष्ट मापदण्डको अभावमा घरधनीहरूले मनलाग्दी भाडा निर्धारण गरिरहेको व्यवसायी तथा डेरावालहरूको गुनासो छ ।

# मधेशमा सुरक्षा र शहरी सुधारका लागि ८ प्रस्ताव पारित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको सुरक्षा अवस्था सुदृढ गर्ने, शहरी व्यवस्थापन सुधार गर्ने र सामाजिक विकृतिहरू नियन्त्रण गर्ने उद्देश्यसहित प्रदेश गृहमन्त्रीको नेतृत्वमा बसेको उच्चस्तरीय बैठकले आठ महत्वपूर्ण प्रस्ताव पारित गरेको छ ।



सुरक्षा निकाय, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, गुठी संस्थान तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । बैठकले विशेषगरी जनकपुरधामसहित मधेश प्रदेशभर देखिएका अतिक्रमण, सीमा सुरक्षा, लागुऔषध दुव्र्यसन र सार्वजनिक अनुशासनसम्बन्धी समस्या समाधानमा केन्द्रित निर्णयहरू अघि सारेको हो ।

निर्णयअनुसार मधेश भवनको सुरक्षा र सरसफाइ व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ । साथै, कर्मचारी आवास क्षेत्रमा अनधिकृत रूपमा बसोबास गरिरहेका व्यक्तिहरूलाई हटाउने प्रक्रिया तत्काल अघि बढाइने भएको छ । त्यस्तै, गुठीका जग्गाहरूको संरक्षण गर्दै अतिक्रमण हटाउने, स्थानीय तहसँग सहकार्य गरी फुटपाथ तथा सार्वजनिक स्थलमा बनेका अवैध संरचना हटाउने योजना पनि अघि सारिएको छ । सीमा सुरक्षालाई सुदृढ बनाउन नेपाल–भारत सीमाक्षेत्रमा निगरानी बढाउने, सुरक्षा निकायबीच समन्वय प्रभावकारी बनाउने निर्णयसमेत गरिएको छ ।

धार्मिक महत्वलाई ध्यानमा राख्दै जनकपुरधामको परिक्रमा क्षेत्रभित्र मदिरा बिक्री र सेवनमा पूर्ण प्रतिबन्ध लगाउने तथा सार्वजनिक स्थानमा डिजे बाजा बजाउन रोक लगाउँदै ध्वनि प्रदूषण नियन्त्रणमा कडाइ गर्ने निर्णय पनि गरिएको छ ।

लागुऔषध दुव्र्यसन नियन्त्रणलाई प्राथमिकतामा राख्दै सम्बन्धित निकायलाई सक्रिय रूपमा काम गर्न निर्देशन दिइएको छ । बैठकमा सहभागी सरोकारवालाहरूले यस्ता निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहको भूमिका निर्णायक हुनेमा जोड दिएका छन् । विगतमा धेरै निर्णयहरू कार्यान्वयनमा नआएको अनुभवका आधारमा यसपटक पनि व्यवहारमा उतार्ने चुनौती कायम रहने चिन्ता व्यक्त गरिएको छ ।

यसैबीच, सामाजिक अभियन्ता दिपु ठाकुरले निर्णयहरू सकारात्मक भए पनि कार्यान्वयन पक्ष नै सबैभन्दा कठिन हुने बताएका छन् । उनका अनुसार कागजी निर्णयभन्दा व्यवहारमा परिणाम देखिनु महत्वपूर्ण हो, जसका लागि सरकार, सुरक्षा निकाय र नागरिकबीच सहकार्य अपरिहार्य हुन्छ ।

उनले जनकपुरधामलाई स्वच्छ, व्यवस्थित र अतिक्रमणमुक्त शहर बनाउने लक्ष्य हासिल गर्न सबै पक्षले इमान्दार रूपमा योगदान दिनुपर्ने आवश्यकता औंल्याएका छन् ।

बैठकले संघीय संसद, प्रदेश सरकार, स्थानीय तह, गुठी संस्थान, सुरक्षा निकाय र नागरिक समाज सबैलाई जिम्मेवार भूमिका निर्वाह गर्न आह्वान गर्दै निर्णय कार्यान्वयनका लागि सामूहिक प्रयास आवश्यक रहेको निष्कर्ष निकालेको छ ।

# सीमा चुनौतीबीच सशस्त्र प्रहरीको सक्रियता

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लामा सीमा सुरक्षा तथा अवैध कारोबार नियन्त्रणमा सशस्त्र प्रहरी बलको सक्रियता उल्लेखनीय रूपमा बढेको देखिएको छ ।

चालु आर्थिक वर्ष २०८२–८३ मा सशस्त्र प्रहरी बल नेपाल धनुषाले ३ करोड ८१ लाख रुपैयाँभन्दा बढी मूल्यका अवैध चोरीछलीका सामान बरामद गरेको जनाएको छ । सशस्त्र प्रहरी बलको १९औँ स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा जिल्ला इकाइले चालु आर्थिक वर्षभर गरिएको कार्यसम्पादन सार्वजनिक गर्दै सीमा क्षेत्रमा निगरानी, अपराध नियन्त्रण र जनसुरक्षाका क्षेत्रमा सक्रियता तीव्र पारिएको जानकारी दिएको हो ।

सशस्त्र प्रहरी धनुषाका प्रहरी उपरीक्षक भीम विष्टका अनुसार हालसम्म ३ करोड ८१ लाख २० हजार ७ सय ४३ रुपैयाँ बराबरका अवैध सामान बरामद गरी आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको छ । खुला सीमाबाट हुने चोरीछली, अवैध ओसारपसार तथा बदलिँदो सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै 'बोर्डर अवधारणा'लाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको उनले बताए ।

उनका अनुसार सीमा क्षेत्रमा बढ्दो जोखिम, क्षेत्रीय सुरक्षा चुनौती तथा बदलिँदो भू–राजनीतिक अवस्थालाई ध्यानमा राखेर सशस्त्र प्रहरीलाई रणनीतिक रूपमा परिचालन गरिएको छ । विशेषगरी भारतसँगको खुला सीमालाई लक्षित गर्दै निगरानी र गस्ती थप सशक्त बनाइएको जनाइएको छ ।

सामाजिक तथा जनचेतनामूलक कार्यक्रमअन्तर्गत सशस्त्र प्रहरीले लागुऔषधविरुद्ध ४८ वटा, विपद् व्यवस्थापनसम्बन्धी ४१ वटा तथा विपद् सिमुलेशनका ६ वटा कार्यक्रम सञ्चालन गरेको जनाएको छ । यसका साथै विपद् उद्धार कार्यमा पनि इकाइले सक्रिय भूमिका निर्वाह गरेको छ ।

प्रहरी उपरीक्षक विष्टका अनुसार चालु आवमा १० जना घाइतेको उद्धार, ९ जनाको शव व्यवस्थापन तथा २४ पटक आगलागी नियन्त्रणमा सशस्त्र प्रहरी परिचालन गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि सशस्त्र प्रहरी बल मधेश प्रदेश प्रमुख कृष्ण ढकालले आगामी दिनमा सीमा सुरक्षा, अपराध नियन्त्रण र जनसुरक्षाका क्षेत्रमा अझ प्रभावकारी ढंगले काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले सीमावर्ती जिल्लाहरूमा सुरक्षा चुनौती थप जटिल बन्दै गएकाले समन्वयात्मक ढंगले काम गर्नुपर्ने आवश्यकता औंल्याए ।

स्थापना दिवसको अवसरमा आयोजित विभिन्न खेलकुद तथा प्रतिस्पर्धात्मक कार्यक्रममा उत्कृष्ट प्रदर्शन गर्ने सहभागीहरूलाई पुरस्कार वितरणसमेत गरिएको थियो ।

# कमला पुल निर्माणमा ढिलाइविरुद्ध आन्दोलनको चेतावनी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा र सिरहा जिल्ला जोड्ने कमला नदीमा नयाँ पुल निर्माण कार्य अघि नबढाइएको भन्दै स्थानीय स्तरमा दबाब बढ्दै गएको छ । नयाँ कमला पुल निर्माण संघर्ष समितिले तत्काल प्रक्रिया सुरु नगरे कडा आन्दोलनमा उत्रिने चेतावनी दिएको छ ।



समितिले मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादवलाई स्मरणपत्र बुझाउँदै २०८१ भदौ ७ गते प्रदेश सरकारसँग भएको सहमति कार्यान्वयन नभएकोप्रति असन्तुष्टि जनाएको हो । सम्झौता भएको लामो समय बितिसक्दा पनि निर्माण प्रक्रिया सुरु नभएको भन्दै सर्वसाधारणलाई अन्योलमा राखिएको आरोप लगाइएको छ ।

स्मरणपत्रमा चालु आर्थिक वर्ष २०८२–८३ समाप्तिनजिक पुग्दासमेत पुल निर्माणका लागि ठेक्का प्रक्रिया अगाडि नबढाइएको उल्लेख गरिएको छ । साथै, जीर्ण अवस्थामा रहेको पुरानो पुलको मर्मतसमेत प्रभावकारी रूपमा हुन नसकेको भन्दै समितिले चिन्ता व्यक्त गरेको छ । केन्द्र सरकारले पटक–पटक समय थप्दै आए पनि व्यवहारमा कुनै प्रगति नदेखिएको आरोप पनि लगाइएको छ ।

समितिले हालको पुलको डिजाइनमै कमजोरी रहेको तथा बाँध निर्माणको ठेक्का नलाग्दा भविष्यमा जोखिम अझ बढ्ने चेतावनी दिएको छ ।

स्मरणपत्र बुझ्दै मुख्यमन्त्री यादवले पुल निर्माणका लागि प्रदेश सरकारले पटक–पटक पहल र बजेट विनियोजन गरे पनि प्रक्रिया अघि बढ्न नसकेको स्वीकार गरेका छन् ।

उक्त आयोजना संघीय सरकारको अधिकारक्षेत्रभित्र पर्ने भएकाले आवश्यक समन्वय गरी प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता उनले जनाएका छन् ।

यता, संघर्ष समितिले सात दिनभित्र ठेक्का प्रक्रिया सुरु नगरे चरणबद्ध आन्दोलन गर्ने घोषणा गरेको छ । प्रस्तावित आन्दोलनका कार्यक्रमअन्तर्गत अनसन, चक्का जाम तथा सडक अवरोधजस्ता गतिविधि सञ्चालन गरिने उल्लेख गर्दै त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवारी सम्बन्धित निकायले लिनुपर्ने स्पष्ट पारेको छ ।

# रौतहट वन कार्यालयविरुद्ध भ्रष्टाचारको उजुरी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
रौतहटस्थित डिभिजन वन कार्यालयमा अनियमितता, भ्रष्टाचार तथा वन दोहन भएको गम्भीर आरोपसहित मधेश प्रदेश सरकारसमक्ष औपचारिक उजुरी दर्ता गरिएको छ ।

चुरे तथा वनजंगल संरक्षण अभियान नेपालका अध्यक्ष सुनिल कुमार यादवले वन तथा वातावरण मन्त्रालयमार्फत मुख्यमन्त्रीलाई सम्बोधन गर्दै विस्तृत उजुरी पेश गरेका हुन् ।

उजुरीमा डिभिजन वन प्रमुख हेमन्त साहमाथि सरकारी वन स्रोतको दुरुपयोग, मिलेमतोमा काठ बिक्री, सामुदायिक वनको रकम अपचलन तथा काठ तस्करीलाई संरक्षण दिएको आरोप लगाइएको छ ।

विशेषगरी सखुवाको काठ आपूर्तिमा अनियमितता गरिएको दाबी गर्दै सर्वसाधारणलाई सहुलियतमा काठ नदिई स–मिलहरूसँग गोप्य सहकार्यमार्फत कम मूल्यमा बिक्री गरिएको आरोप उजुरीमा उल्लेख छ । काठ कारोबारमा प्रतिफिट कमिशन लिने गरिएको आशंकासमेत व्यक्त गरिएको छ ।

त्यसैगरी, सामुदायिक तथा साझेदारी वनको दिगो व्यवस्थापनका लागि छुट्याइएको करिब २० लाख रुपैयाँ अनियमित रूपमा फिर्ता लिएर दुरुपयोग गरिएको आरोप लगाइएको छ । विभिन्न उपभोक्ता समूहको खाताबाट रकम झिकेर अपारदर्शी ढंगले खर्च गरिएको भन्दै बैंक विवरण तथा अडिट जाँच गर्न माग गरिएको छ ।

उजुरीमा गैडाटार क्षेत्रमा करिब पाँच हेक्टर जंगल फँडानी गरी घुस लिएको, त्यसको प्रमाण मेटाउन वृक्षारोपण गरिएको तथा कार्यालयका महत्वपूर्ण कागजात नष्ट गर्न नियोजित रूपमा आगजनी गराइएकोजस्ता गम्भीर आरोपहरू पनि समावेश छन् ।

नुनथर क्षेत्रमा कानुनविपरीत संरचना निर्माण गराउन आर्थिक चलखेल भएको, काठ तस्करीमा संलग्नता रहेको र प्रमाण लुकाउन आगजनी गरिएको दाबीसमेत उजुरीमा गरिएको छ ।

वन क्षेत्रमा बढ्दो तस्करी र अवैध फँडानी भइरहँदा सम्बन्धित निकायले प्रभावकारी अनुगमन गर्न नसकेको भन्दै उजुरीकर्ताले मन्त्रालयको भूमिकामाथि पनि प्रश्न उठाएका छन् । चुरे क्षेत्रमा क्रसर उद्योगबाट भइरहेको दोहनप्रति समेत ध्यानाकर्षण गराइएको छ ।

उक्त उजुरीको बोधार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय वन तथा वातावरण मन्त्रालय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको छ । निष्पक्ष छानबिन नभए थप कदम चाल्ने चेतावनीसमेत दिइएको छ ।

यसैबीच, उजुरी ग्रहण गर्दै मधेश प्रदेशका वन तथा वातावरण मन्त्रीले आरोपबारे गम्भीर ध्यानाकर्षण भएको जनाउँदै निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गरिने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले वन क्षेत्रमा भइरहेका अवैध गतिविधिबारे आफू जानकार रहेको उल्लेख गर्दै छानबिनलाई प्राथमिकतामा राखिने बताएका छन् ।

# विद्यालय र स्वास्थ्य संस्था हप्तामा ६ दिन सञ्चालन हुने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीको गौशाला नगरपालिकाले संघीय सरकारको दुई दिन सार्वजनिक बिदासम्बन्धी निर्णयलाई स्थानीय आवश्यकता अनुसार परिमार्जन गर्दै शिक्षा र स्वास्थ्य सेवा निरन्तर राख्ने निर्णय गरेको छ ।




बुधबार बसेको नगर कार्यपालिकाको बैठकले शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवामा असर पर्ने निष्कर्ष निकाल्दै आइतबारसमेत सेवा सञ्चालन गर्ने व्यवस्था मिलाएको नगर प्रमुख डा. दिपेन्द्र महतोले जानकारी दिएका छन् । यस निर्णयअनुसार अब नगरपालिकाअन्तर्गतका विद्यालय र स्वास्थ्य संस्थाहरू शनिबारबाहेक हप्ताका बाँकी सबै दिन सञ्चालन हुनेछन् ।

संघीय सरकारले शनिबार र आइतबार सार्वजनिक बिदा दिने तथा सरकारी कार्यालय पाँच दिन मात्र सञ्चालन गर्ने नीति अघि सारे पनि स्थानीय तहले आफ्नो अधिकार प्रयोग गर्दै सेवा प्रवाहमा निरन्तरता दिने बाटो रोजेको हो ।

नगर प्रमुख महतोका अनुसार शिक्षा र स्वास्थ्य सेवा दुई दिन बन्द हुँदा नागरिकहरू प्रत्यक्ष रूपमा प्रभावित हुने भएकाले यस्तो निर्णय लिनुपरेको हो ।

उनका अनुसार विद्यालयमा पठनपाठन अवरुद्ध हुने र स्वास्थ्य संस्था बन्द हुँदा बिरामीले समयमै उपचार नपाउने जोखिम बढ्ने देखिएकाले सेवा नियमित राख्न प्राथमिकता दिइएको हो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन